# भेरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जाजरकोट, ६ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र

२०७४ असार

# दुई शब्द

यस नगरपालिकाको केन्द्र साविक भेरीमालिका नगरपालिकाको कार्यालय, साविकका भेरीमालिका नगरपालिकाका सम्पूर्ण वडाहरु समावेश गरी १३ वटा वडाहरु कायम गरी मिति २०७३/११/२० मा भेरी नगरपालिका गठन गरिएपछि पहिलो प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाका सिलसिलामा स्थापित यस नगरपालिको यथार्थ विद्यमान अवस्था झल्काउन पार्श्वचित्र तयारीले नगरपालिका विकासका वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकिकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गरी नगरपालिकाको विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्ने प्रयास गरेको भएतापनि सीमित समय र स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण नहुन सक्छ । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गरेका छौं ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने नगरपालिकाका सम्पूर्ण टिम, कार्यकारी अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा नगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । साथै अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा समग्र नगरपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न यसबाट हामी सबैलाई आधार प्राप्त होस भन्ने शुभेच्छा प्रकट गर्दछु ।

चन्द्र प्रकाश (सि.पी.) घर्ती
नगर प्रमुख

# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि नगरको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी नगरपालिका पार्श्वचित्र तयार गरिएको छ । जसमा नगरपालिको विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी नगर पार्श्वचित्र तयारी गरिएको छ ।

यस नगरपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा नगरवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु। पार्श्वचित्रमा उल्लेखित विवरणमा नगरपालिको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै पछिल्लो राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएका छन् ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, नगर/गाउँपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई विशेष धन्यबाद दिन चाहन्छु ।

**भावना भण्डारी**
उप-प्रमुख

# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने उद्देश्यका लागि योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको चासो त्यसको निरन्तर अनुगमन एवं मूल्याङ्कन र दिगोपनाका लागि सही र वस्तुनिष्ठ निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट पाठ सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनसंरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

आवश्यकता अनुसार योजना तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानका हाम्रा धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाका पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यस नगरपालिकाको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर नगरको सम्पूर्ण चिनारीका रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई पहिचान गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगरपालिकाका नगर प्रमुख, उप-प्रमुख, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख एवं अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

**राम प्रसाद पोखेल**
कार्यकारी अधिकृत

# विषय सूचि


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १
१.२ नगर पार्श्वचित्र तयारीको उद्देश्यहरु १
१.३ अध्ययनको महत्व २
१.४ अध्ययनको औचित्य २
१.५ अध्ययन विधि २
१.६ अध्ययनका सीमाहरु ३

**खण्ड २ : भेरी नगरपालिकाको परिचय** ४

२.१ नगरपालिकाको संक्षिप्त परिचय ५
२.२ स्थापना ६
२.३ भौगोलिक अवस्थिति ९
२.४ भू–बनावट १०
२.५ माटोको वनावट र उर्वराशक्ति १०
२.६ भू–क्षेत्रको बर्गीकरण ११
२.७ हावापानी १४
२.८ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर १५
२.९ नगरपालिकाको अवसर र सम्भावनाहरु १७
२.१० नगरपालिकाको समस्या र चुनौतीहरु १७
२.११ नगरपालिकाको अन्तर नगर/गाउ“सम्बन्ध १८
२.१२ सिमसार क्षेत्र १८
२.१३ मुख्य नदी तथा ताल तलैयाहरु १८
२.१४ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २०
२.१५ मुख्य चाडपर्वहरु २१
२.१६ संस्कृति, कला, भाषा र साहित्य २१

**खण्ड ३ : जनसाङ्ख्कि विवरण** २३

३.१ जनसंख्याको विवरण २३
३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २५
३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २९
३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण ३०

३.५ उमेर समूहअनुसार जनसंख्याको विवरण ३१
३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण ३२
३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ३३
३.८ धर्मअनुसार जनसंख्याको विवरण ३५
३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ३७
३.१० घरमूलीको लैङ्गिक विवरण ३८
३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ३९
३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ४०
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४१
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ४२
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ४३
३.१६ जगको आधारमा घरको बनोटको विवरण ४४
३.१७ बसाई सराईको अवस्था ४५
३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ४६

**खण्ड ४ : भू–उपयोग** **४९**

४.१ नगरपालिकाको भू–उपयोगको विवरण ५०
४.२ वस्ती विकासको स्वरुप ५१
४.३ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरुप ५१
४.४ भू–क्षय सम्भावित क्षेत्र ५२
४.५ भूक्षय तथा प्रकोप ५३
४.६ नगरपालिका क्षेत्रमा हुन सक्ने संभावित प्रकोपको विवरण ५३

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** **५५**

५.१ नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप ५५
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५५
५.३ आश्रित जनसंख्याको विवरण ५६
५.४ कृषि ५६
५.४.१ कृषिजन्य बाली सम्बन्धी विवरण ५७
५.४.२ कृषि बालीमा लाग्ने रोग ५७
५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण ५८
५.४.४ युवा लक्षित तरकारी उत्पादन कार्यक्रममा संलग्न कृषकको विवरण ५८
५.४.५ बाली पात्रो ५९
५.४.६ कृषि बजारीकरण ५९
५.४.७ कृषि पकेट क्षेत्रको बिबरण ६०

५.४.८ मौरीपालन ६१
५.४.९ जग्गाको उर्वराशक्ति ६१
५.४.१० एग्रोभेट सम्बन्धि विवरण ६१
५.५ सिंचाइ ६१
५.६ पशुपालन ६२
५.६.१ पशु नश्ल ६२
५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु ६३
५.६.३ डेरी उद्योगको विवरण ६३
५.६.४ मासु बजारीकरण ६४
५.६.५ दाना उद्योग सम्बन्धी विवरण ६४
५.७ पर्यटन ६४
५.८ उद्योग ६५
५.८.१ उद्योग व्यवसाय सम्बन्धी विवरण ६५
५.९ व्यापार तथा उद्योगको विवरण ६६
५.१० थोक तथा खुद्रा व्यापार ६७
५.१०.१ निकासी पैठारी स्थिति ६७
५.१०.२ ढुवानी तथा भण्डार व्यवस्था ६७
५.१०.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनस“ग गर्नु परिरहेको प्रतिस्पर्धा ६८
५.१०.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ६८
५.१०.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण ६९
५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू ६९
५.१२ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ७१
५.१३ बैंकको विवरण ७१
५.१४ सहकारी संस्थाको विवरण ७१
५.१५ संघ संस्था तथा विभिन्न समूहहरु ७२
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार** **७३**
६.१ सडक तथा यातायात ७४
६.२ संचार ७७
६.२.१ पत्रपत्रिका, एफ.एम. रेडियोहरु तथा टेलिभिजन ७७
६.२.२ टेलिफोन/मोबाइल ७७
६.२.३ हुलाक सेवा ७८
६.३ विद्युत ७८
६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ७८
६.३.२ नगरपालिकामा सञ्चालित लघुविद्युत आयोजनाहरूको विवरण ७९

६.३.३ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ८०

**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा** **८२**

७.१ शिक्षा ८२

७.२ साक्षरता स्थिति ८२

७.२.१ शैक्षिक जनशक्तिको विवरण ८४

७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण ८५

७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८६

७.२.४ शिक्षण संस्थाहरूको विवरण ८७

७.३ स्वास्थ्य ८९

७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू ९१

७.३.२ गाउँघर क्लिनिक र नियमित खोप ९१

७.३.३ एच. आई. भी./एडसको अवस्था ९१

७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण ९१

७.३.५ खोपको विवरण ९२

७.३.६ बाल्यकालमा हुने रोगका जोखिम ९२

७.३.७ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर ९२

७.३.८ बालपोषण सम्वन्धी विवरण ९३

७.४ खेलकुद तथा मनोरञ्जन ९३

७.५ नागरिक सुरक्षा सेवा ९४

७.५.१ बृद्धबृद्धाहरूको अवस्था ९४

७.६ महिला तथा बालबालिका ९४

७.६.१ महिला सम्बन्धी विवरण ९४

७.६.२ बालश्रमको अवस्था ९४

७.६.३ बालक्लब ९५

७.७ अपाङ्गताको विवरण ९६

७.८ खानेपानी तथा सरसफाई ९७

७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ९७

७.८.२ खानेपानीको विवरण ९८

७.८.३ शौचालयको विवरण ९९

७.८.४ वडागत शौचालयको संख्याको विवरण १००

७.९ फोहोर मैला व्यवस्थापन १००

**खण्ड ८ : वन तथा वातावरण** **१०१**

८.१ प्राकृतिक वन तथा वनस्पती १०१

८.२ जैविक विविधता सम्वन्धी विवरण १०१

८.३ लघु वन पैदावार १०३
८.४ नगरपालिकामा पाईने वन्यजन्तु १०३
८.५ वनजंगल १०४
८.५.१ सामुदायिक वन १०४
८.५.२ धार्मिक वन १०६
८.५.३ सरकारद्वारा व्यवस्थित वन १०६
८.५.४ निजी वन १०६
८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था १०६
८.७ वनपैदावरको माग र आपूर्ति १०७
८.८ जडिबुटी सम्बन्धी विवरण १०७
८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण १०७
८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम १०९
८.११ अतिक्रमण हटाउने प्रयास ११०
**खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति** **१११**
९.१ मानव विकास सूचकको विवरण (**HDI**) १११
९.२ मानव गरीबी सूचकाङ्क **(Human Poverty Index)** १११
९.३ मानव विकास र गरीबी ११२
९.४ गरिबी न्यूनीकरण ११२
९.५ समग्र विकास स्थिति ११२

# तालिका सूचि


तालिका नं १: भेरी नगरपालिकाको नयाँ स्वरुप ६
तालिका नं २: भेरीको तापक्रम (वि.सं. २०७३ को) १५
तालिका नं ३: सांस्कृतिक महत्वका सम्पदाहरु २२
तालिका नं ४: जनसंख्याको विवरण २३
तालिका नं ५: वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २५
तालिका नं ६: १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २९
तालिका नं ७: पहिलो विवाह गर्दाको उमेरको विवरण ३०
तालिका नं ८: उमेर समूहअनुसार जनसंख्याको विवरण ३१
तालिका नं ९: भेरी नगरपालिकाको जनसंख्या र जातको विवरण ३२
तालिका नं १०: मातृभाषा अनुसार जनसंख्याको विवरण ३३
तालिका नं ११: धर्मअनुसार जनसंख्याको विवरण ३५
तालिका नं १२: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ३७
तालिका नं १३: घरमुलीको लैङ्गिक विवरण ३८
तालिका नं १४: महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ३९
तालिका नं १५: महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण ४०
तालिका नं १६: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४१
तालिका नं १७: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ४२
तालिका नं १८: छानाको आधारमा घरको बनोटको विवरण ४३
तालिका नं १९: जगको आधारमा घरको बनोटको विवरण ४४
तालिका नं २०: व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ४६
तालिका नं २१: भू-उपयोग विश्लेषण ५०
तालिका नं २२: नगरपालिकामा भएका प्रकोपको विवरण ५३
तालिका नं २३: नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५३
तालिका नं २४: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५५
तालिका नं २५: आश्रित जनसंख्याको विवरण ५६
तालिका नं २६: नगरपालिकामा कृषिजन्य बाली सम्बन्धी विवरण ५७
तालिका नं २७: विभिन्न बालीमा लाग्ने रोग विवरण ५८
तालिका नं २८: कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ५८
तालिका नं २९: युवा लक्षित तरकारी उत्पादन कार्यक्रममा संलग्न कृषकको विवरण ५८
तालिका नं ३०: बाली पात्रो ५९
तालिका नं ३१: बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र) ६०
तालिका नं ३२: कृषि पकेट क्षेत्रको विवरण ६०
तालिका नं ३३: मौरीपालन सम्बन्धि विवरण ६१
तालिका नं ३४: सिंचाईको विवरण ६२

**तालिका नं ३५:** २०७३ आषाढ मसान्तसम्म कायम रहेको उद्योगहरुको संख्यात्मक विवरण ६५
**तालिका नं ३६:** व्यापार व्यावसायको विवरण ६६
**तालिका नं ३७:** बैंकहरुको विवरण ७१
**तालिका नं ३८:** सहकारी संस्थाको नामावली ७२
**तालिका नं ३९:** सञ्चारका सुविधा भएका परिवार संख्या ७७
**तालिका नं ४०:** हुलाक सेवाको स्थिति ७८
**तालिका नं ४१:** बत्ती बाल्न प्रयोग गरिने श्रोत ७९
**तालिका नं ४२:** नगरपालिकामा सञ्चालित लघु जलविद्युत आयोजनाहरूको विवरण ८०
**तालिका नं ४३:** खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ८०
**तालिका नं ४४:** साक्षरता दर ८३
**तालिका नं ४५:** शैक्षिक जनशक्तिको विवरण ८४
**तालिका नं ४६:** विषयगत शैक्षिक जनशक्तिको विवरण ८५
**तालिका नं ४७:** उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८६
**तालिका नं ४८:** नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण ८७
**तालिका नं ४९:** शिक्षक संख्या ८८
**तालिका नं ५०:** भेरी नगरपालिकामा शिक्षण पेशामा शिक्षकको विवरण ८८
**तालिका नं ५१:** नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको स्थिति ९०
**तालिका नं ५२:** भेरी नगरपालिकामा अपाङ्गताको विवरण ९७
**तालिका नं ५३:** परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत ९७
**तालिका नं ५४:** खानेपानीको विवरण ९८
**तालिका नं ५५:** शौचालयको प्रकार ९९
**तालिका नं ५६:** वडागत शौचालय संख्याको विवरण १००
**तालिका नं ५७:** सामुदायिक वन व्यवस्थापनको विवरण १०६
**तालिका नं ५८:** नगरपालिका क्षेत्रमा उपलब्ध गैरकाष्ठ वन पैदावारहरुको सूची १०८
**तालिका नं ५९:** अतिक्रमणको विस्तृत विवरण ११०
**तालिका नं ६०:** मानव विकास सूचकको विवरण (HDI) १११
**तालिका नं ६१:** गरीबीको दरको विवरण ११२

# नक्सा सूचि


**नक्सा नं. १:** नगरपालिकाको समग्र वस्तुस्थिती ४
**नक्सा नं. २:** नगरपालिकाको वडा विभाजन ७
**नक्सा नं. ३:** नगरपालिकाको नाम सहित वडा विभाजन ८
**नक्सा नं. ४:** नगरपालिकाको उचाई ९
**नक्सा नं. ५:** नगरपालिकाको भिरालोपन १३
**नक्सा नं. ६:** नगरपालिकामा रहेको नदी सञ्जाल १९
**नक्सा नं. ७:** नगरपालिकामा रहेको धार्मिक स्थलहरू २०
**नक्सा नं. ८:** नगरपालिकाको जनसंख्या विवरण २४
**नक्सा नं. ९:** नगरपालिकाको वडागत क्षेत्रफल २६
**नक्सा नं. १०:** नगरपालिकाको वडागत जनसंख्या २७
**नक्सा नं. ११:** नगरपालिकाको घरधुरी २८
**नक्सा नं. १२:** नगरपालिकाको बसाइ अवस्था ४८
**नक्सा नं. १३:** नगरपालिकाको भू-उपयोग ४९
**नक्सा नं. १४:** नगरपालिकामा रहेको सडक सञ्जाल ७३

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्क अपरिहार्य हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न, सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो नगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौधौं योजना ( २०७३/७४-२०७५/७६) ले समेत नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी यो पार्श्वचित्र (Profile) तयार गरिएको हो ।

## १.२ नगर पार्श्वचित्र तयारीको उद्देश्यहरू

नगर पार्श्वचित्र मूलत: भेरी नगरपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो । यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ ।

क) नगरभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।

ग) नगरपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउने ।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने ।

ज) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि आधार तयार पार्ने ।

झ) नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट प्रस्तुत गर्दछ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्न यस अध्ययनले भेरी नगरपालिकालाई सहयोग गर्नुका साथै समावेशी समानुपातिक र समन्यायिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा नगरपालिका पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासका कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह अन्तर्गतनगरपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले नगरपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित Municipality Profile तयार गर्नु पनि एक हो । पूर्वाधार विकासका दृष्टिले कमजोर स्थितिमा रहेको नेपालको सन्दर्भमा Profileतयार गर्ने कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकाले उपलब्ध स्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो औचित्यपूर्ण रहन्छ ।

## १.५ अध्ययन विधि

यस नगरपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधिहरु निम्नानुसार छन् –

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्याङ्कहरु समावेश गरी विश्लेषण गरिएको छ ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ ।


- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरु, चित्र तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वितीय (Secondary) सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै नगरपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, बुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरू

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेको ढाँचा बमोजिम नगरपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरुको स्रोत र आधार वर्ष खुलाईएको छ । नगरपालिकाकाविभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धित नगरपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले भेरी नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तथापि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । तथापी अध्ययनमा निर्धारित उद्देश्यहरुलाई मध्यनजर गर्दै आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : भेरी नगरपालिकाको परिचय




नक्सा नं. १: नगरपालिकाको समग्र वस्तुस्थिती

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

भेरी नगरपालिका नेपालको ६ नं. प्रदेश अन्तर्गत जाजरकोट जिल्लामा पर्दछ। नेपालको संघीय राजधानी काठमाडौँबाट पश्चिम-उत्तरमा २१९.७७ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएर रहेको यस नगरपालिकाको पूर्वमा रुकुम जिल्ला, पश्चिममा छेडागाड नगरपालिका, उत्तरमा त्रिवेणी नलगाड नगरपालिका र कुशे गाउँपालिका छन् भने दक्षिणमा सल्यान जिल्ला पर्दछ। जाजरकोट जिल्लाको सदरमुकाम समेत रहेको खलङ्गा लगायत पुन्मा, भूर र जगतीपुर गरी साबिकका ४ गा.वि.स.हरू मिलेर यो नगरपालिका स्थापना गरिएको हो।

यस भेरी नगरपालिकाको स्थापना नेपाल सरकार मन्त्रीपरिषद्को २०७२ पौष २७ को निर्णयअनुसार भएको हो । स्थापना हुँदा यस नगरपालिकाको नाम भेरीमालिका राखिएको थियो । साविकका तीनओटा गा.वि.स.हरू खलङ्गा, जगतीपुर र भूरले भेरी नदीलाई छोएको र पुन्मामा मालिका मन्दिर भएकोले सबै गा.वि.स.लाई समेट्ने गरी भेरीमालिका नामाकरण गरिएको थियो । गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको प्रतिवेदनका आधारमा मिति २०७३ फाल्गुण २७ गते बसेको नेपाल सरकार मन्त्री परिषद्को निणर्यअनुसार भेरी मालिका नगरपालिकाको नाम परिवर्तन गरी भेरी नगरपालिका नामाकरण गरिएको हो। यस नगरपालिकालाई १३ ओटा वडाहरुमा विभाजन गरिएको छ।

नगरपालिका क्षेत्रभित्र हाल ३ वटा उच्च मावि, ७ वटा मा.वि., १५ वटा निमावि र ३९ वटा प्रावि (सामुदायिक र संस्थागत) गरी जम्मा ५४ वटा शिक्षण संस्थाहरू सञ्चालित छन्। २०६८ को जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ३३,५१५ रहेको छ जसमध्ये महिलाको जनसंख्या १७,०५७ (५०.८९ प्रतिशत) र पुरुषको जनसंख्या १६,४५८ (४९.११ प्रतिशत) रहेको छ । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री जाति १०,१९४ जना (३०.४२%), दोस्रोमा कामी ९,३२२ (२७.८१%) र तेस्रोमा ठकुरी ५,६५४ (१६.८७%) को बसोबास रहेको छ। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको अन्य आर्थिक क्रियाकलापहरुमा व्यापार व्यसाय, नोकरी, सेवामुलक व्यवसाय तथा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस नगरपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन्। अध्ययनका लागि यस नगरपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा रूकुम, डोल्पा, जुम्ला लगायत जिल्लाहरूबाट समेत आउने गरेका छन् । नगरपालिकाका केही घरमा लघु जलविद्युतबाट विद्युतीकरण भएको भएतापनि राष्ट्रिय प्रसारण लाइनको जडान नभइसकेको र जडान हुने क्रममा रहेको छ । सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन

। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । मुख्य गरी दशैं, तिहार, साउने र माघे संक्रान्ति, महाशिवरात्री, चैतेदशै, होली, गौरा, कृष्णजन्माष्टमी, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।


## १.१ स्थापना

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघिय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा गाउँपालिका तथा नगरपालिकाको नाम, संख्या, सिमान तथा वडाको सीमाना कायम गरेको तथा गाउँपालिका र नगरपालिकाको निर्वाचन सम्पन्न भएपछि सम्बन्धित गाउँसभा वा नगरसभाले निर्णय गरे बमोजिम हुने गरीतत्काललाई यस्तो गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकाको केन्द्र कायम गरिएको थियो । स्थापनाको समयमा (२०७२/०९/२२) मा यस नगरपालिकाको वडा विभाजन निम्नअनुसार गरिएको थियो ।


तालिका नं १: भेरी नगरपालिकाको नयाँ स्वरुप

| वडा नं. | समावेश भएका साविक गाविस/नपाहरु | साविकका वडा नं. |
|---|---|---|
| १ | खलंगा | ८,९ |
| २ | खलंगा | ५,६,७ |
| ३ | खलंगा | २ |
| ४ | खलंगा | १,३,४ |
| ५ | पुन्मा | ३,४,७ |
| ६ | पुन्मा | ५,६ |
| ७ | पुन्मा | १,२,८,९ |
| ८ | भूर | ३,४,५ |
| ९ | भूर | १,२,९ |
| १० | भूर | ६,७,८ |
| ११ | जगतीपुर | १,३,५ |
| १२ | जगतीपुर | २,४,६ |
| १३ | जगतीपुर | ७,८,९ |

*श्रोत: भेरी नगर कार्यपालिकाको कार्यालय*





नक्सा नं. २: नगरपालिकाको वडा विभाजन




नक्सा नं. ३: नगरपालिकाको नाम सहित वडा विभाजन

## २.३ भौगोलिक अवस्थिति




नक्सा नं. ४: नगरपालिकाको उचाई

नेपालको प्रदेश नं. ६ अन्तर्गत जाजरकोट जिल्लामा अवस्थित यस भेरी नगरपालिका भौगोलिक क्षेत्रको हिसाबले मध्यपहाडी क्षेत्रमा पर्दछ । भेरी नगरपालिका नेपालको मानचित्रमा हेर्दा २८°३६'३०" देखि २८°४८'३०" उत्तरी अक्षांश र ८२°०४' ३०" देखि ८२°१७' ०" सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ । यो नगरपालिका समुद्र सतहबाट ६२४ मिटर देखि २६२० मिटर सम्मको उचाइमा अवस्थित रहेको छ ।

## २.४ भू-बनावट

नगरपालिकाको केही भू-भाग बेसी, केही शिवालिक र उच्च पहाडी क्षेत्र रहेको छ । भू-आकृतिमा भएको यस फरकअनुसार यस नगरपालिकालाई तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

### (क) बेसी

नदिले बनाएका फाँटहरुका साथसाथै केही ठूला खोलाहरुले बनाएको भाग नै यस क्षेत्रमा पर्दछन् । पहाडको फेदमा रहेको खुल्ला समथर खेति योग्य जमिन यस क्षेत्र अन्तर्गत पर्दछ । भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ । यस क्षेत्रमा यस नगरपालिकाको ६२४ मिटरदेखि १००० मिटरको उचाइ रहेको क्षेत्र पर्दछ ।

### (ख) शिवालिक क्षेत्र

यस नगरपालिकाको अधिकांश भू-भाग शिवालिक क्षेत्रमा पर्दछ । यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगा को समिश्रणले भरिएको छ । यस भू-भागमा वनजङ्गलको मात्रा अत्यधिक छ । प्राय : मानव वस्तीको प्रधानता रहेको क्षेत्र हो । समुद्री सतहबाट १००० देखि १५०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अन्तर्गत पर्दछन् ।

### (ग) उच्च पहाडी भू-भाग

समुन्द्री सतहबाट १,५०० मिटरदेखि २६२० मिटरसम्म उचाइ रहेको यो भू-भाग कडा चट्टान कठिन धरातलीय स्वरुप भएका कारण मानव वस्ती यहाँ कम रहेको छ । उच्च पहाडी श्रृंखलाहरु र झाडी बुट्यानले यस क्षेत्रलाई ढाकेको छ ।

## २.५ माटोको वनावट र उर्वराशक्ति

यस नगरपालिकाको भौगोलिक बनावटको अवस्थालाई हेर्दा यहाँको अधिकांश माटोमा उब्जाउ क्षमताको कमी देखिन्छ । यहाँ बढी मात्रामा बलौटे, कडा चट्टान तथा नदी वेशीहरुमा बलौटे दोमट र खेतीयोग्य माटो पाईन्छ । नगरपालिकाको दक्षिणी भागमा महाभारत पर्वतको अग्रभाग तथा चुरे पर्वत समेत पर्ने हुँदा कमजोर बनावटको बलौटे तथा खिईने खालको ढुङ्गाहरुको बढी मात्रामा बर्चश्व रहेको देखिन्छ जसमा उब्जाउको सम्भावना ज्यादै न्यून रहन्छ ।यसका अलावा, गाउँपालिकाको उत्तरी, पूर्वी तथा पश्चिमी भाग महाभारत श्रृखंलामा पर्ने हुँदा यहाँ Phyllites, Schist, Quartize, Lime stoneको मात्रा अत्यधिक रहेको छ, यस क्षेत्रमा समेत उत्पादनको सम्भावना न्यून रहन्छ । तथापि, पहाडी टार तथा नदी, वेशीहरु उत्पादनका दृष्टिकोणले ज्यादै संभावनायुक्त देखिन्छन् । समग्र देशको नमूना अध्ययनका आधारमा यस नगरपालिकाको माटोको प्रकार र उर्वरताको बारेमा निम्नानुसार पाइन्छ ।

#### क) पाँगो माटो

यहाँका नदी बेसीहरुमा पाँगो माटोको प्रचुरता छ । जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको संभावना छ । नदीहरुले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट मलजन्य पदार्थलाई छेउछाउका तटवर्ती भागमा निक्षेप गर्दै जाँदा यी भागहरु अत्यधिक उब्जाउयोग्य रहेका छन् । तथापि, वर्तमान समयमा रसायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयता वृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ । लगातार भू क्षय तथा वन विनाशका कारण नदीहरुले चून ढुगां, बलौटे, गेग्र्यानयुक्त पदार्थहरु निरन्तररुपमा निक्षेप गर्दा पाँगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ ।

#### ख) बलौटे माटो

यो माटो बालुवा, कंकड, ट्यापी र ढुंगा मिश्रित माटो हो । यो उब्जाउको दृष्टिकोणले न्यून कोटीको मानिन्छ । विशेष गरी नगरपालिकाको पहाडी भागहरुमा यो माटोको बाहुल्यता छ । अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको मात्र यहाँ उत्पादन हुन्छ । यहाँ सिंचाइको समेत अभाव रहेको छ । यहाँको माटोको बनावटमा ढुँङ्गा माटो, कंकड, चुना, फलाम, जीवाष्मको तत्व नभएको माटोको प्रचुरता हुन्छ । उब्जाउको दृष्टिकोणले यहाँको माटोमा नदी बेसीतिर धान, गहुँ, मास, मकै, मध्य पहाडी भागतिर मकै, दलहन र उच्च भागतिर आलु, जौ आदि उत्पादन हुने गर्दछ ।

## २.६ भू-क्षेत्रको बर्गीकरण

भेरी नगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा ५ वर्गमा विभाजन गरिएको छ । Land Resource Mapping Project ले तयार गरेको बर्गीकरणको आधारमा मनसुनी कृषि तथा बनस्पती पक्षलाई विशेष ध्यान दिएको छ । भुमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ । अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति पहिलो “क” वर्गदेखि पाचौं “ङ” वर्ग तर्फ बढ्दै जान्छ । त्यसै क्रमले भूमीको स्थायित्वलाई मजबुत बनाउन उपायको भौतिक लक्षण (Physical characteristics)का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छः

#### क) क वर्ग : भिरालो $< 10°$ (गहिराई पर्याप्त भएको, खेतीपाती र वनको लागि उपयुक्त माटो)

लगभग एउटै सतह भएको, कृषिको आवश्यकता अनुरुप माटोको गहिराई पर्याप्त भएको जमिनलाई “क” वर्गमा राखिएको छ । नदीको किनारमा परेको जग्गाबाहेक यस समूहको जग्गामा ठूलो भू-क्षय हुने समस्या नदेखिने र भू-बनौटको स्थायित्वमा कुनै कारको असर नपर्ने हुँदा यस खालको जग्गामा परम्परागत वा आधुनिक दुवै प्रविधिबाट खेती गर्न सकिन्छ । तर वर्षाको समयमा वर्षाको सोझो प्रहारबाट हुन सक्ने भू-क्षय रोक्ने उपाय अपनाउनु पर्दछ । सामान्य अवस्थामा वर्षे पानीको सतहगत प्रवाह र माटोको चिस्यानको मात्राले जमिनको उपयुक्तता निर्धारण गरेको हुन्छ । मनसुनको समयमा वर्षाको पानी सजिलैसँग बगेर जाने वा पानी नजम्ने खालको माटो भएमा कृषि चरन वा बनस्पतीको लागि त्यस्तो जग्गा उपयुक्त हुन्छ । भूमिगत जल सतअ निकै


माथि भएको तथा सतहगत पानी बगेर नजाने वा जमेर बस्ने जमिन पनि “क” वर्गको जमिनमा पर्दछ। धेरैजसो अन्न वालीलाई यस प्रकारको अवस्था उपयुक्त नभएता पनि यस्तो जमिनमा धान खेती राम्ररी गर्न सकिन्छ। हिउँदमा गहुँ वा अन्य अन्नहरूको खेती माटोमा रहने चिस्यानका भरमा गर्न सकिन्छ। गर्मीयाममा त्यहाँको तापक्रममा मिल्ने गर्मी बालिको खेति सिंचाईको सहयोगमा गर्न सकिन्छ ।

### ख) ख भिरालो 1° - 5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### ग) ग भिरालो 5° - 30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुऱ्याउँछ। यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।




**नक्सा नं. ५:** नगरपालिकाको भिरालोपन

**घ)	घ भिरालो = 30° – 40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त ।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति  यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा बोटविरुवालाई पुन: हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइका साथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको  उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

**ङ)	ङ भिरालो > 40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ।यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैं एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

## २.७	हावापानी

यस क्षेत्रको जलवायु तल्लो भेगमा अर्थात भेरी नदीको बेशी भागमा उष्ण, पहाडि भागतिर समशितोष्ण किसिमको हावापानी पाइन्छ भने उच्च पहाडी क्षेत्रमा शितोष्ण हावापानी पाइन्छ । यस नगरपालिकाको नदी तटिय क्षेत्रहरुमो औसत अधिकतम तापक्रम ३८ डिग्री सेल्सीयस हुने गर्दछ भने आषाढ, श्रावण र भाद्र महिनामा सबैभन्दा बढी वर्षा हुन्छ । जि.वि.स.बाट प्रकाशित नगरपालिकाको वस्तुस्थिति विवरण अनुसार वर्षा र तापक्रमको विवरण संक्षिप्तमा तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं २: भेरीको तापक्रम (वि.सं. २०७३ को)

| नगरपालिका | औसत वार्षिक वर्ष | तापक्रम डिग्री सेल्सियसमा | |
|---|---|---|---|
| | | औसत न्यूनतम | औसत अधिकतम |
| भेरी | १,८६८.५ | ० | ३८ |

स्रोत: जल तथा मौसम विभाग

## २.८ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर

नगर क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, पर्याप्त वित्तीय सेवा, बैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

- ✓ समग्रमा यस भेरी नगरपालिकाको ग्रामिण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। नगरपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।
- ✓ नगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ आधुनिक र वैज्ञानिक कृषि प्रणालीको अभावमा माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय सन्तुलन कायम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त सुरक्षित स्थानको जोहो गर्न सकिनेछ।
- ✓ नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा

आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

- ✓ नगर क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।
- ✓ नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकाका गहनाको रुपमा खलङ्गा दरबार, कालिका मन्दिर, शिव मन्दिर, कालिका मन्दिर, राधा कृष्ण मन्दिर, शिवालय, भगवति मन्दिर र अन्य धेरै मन्दिरहरु पदर्छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

भेरी नगरपालिकातथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकीकृतरुपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा नगरपालिको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त भेरी नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ नगरपालिकाक्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा समेत बृद्धि हुन्छ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको उचित व्यवस्था गर्नु र परम्परागत कृषिलाई आधुनिक प्रविधियुक्त तथा ब्यवसायिक कृषि प्रणालीले विस्थापित गराउन सके कृषि उत्पादानमा वृद्धि हुन गई कृषकहरूको समग्र जीवनस्तरमा सकारात्मक परिवर्तन आउने हुँदा समग्र नगरको विकासमा सहयोग पुग्ने देखिन्छ।
- ✓ नगरपालिकाक्षेत्रमा औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ।

- ✓ नगरपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने प्रशस्त सम्भावना देखिन्छ ।

## २.९ नगरपालिकाको अवसर र सम्भावनाहरू

यस भेरी नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान अवसर तथा संभावनाहरुलाई निम्न बुँदामा संक्षेपीकरण गर्न सकिन्छ ।

- ✓ ताल, वन, उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- ✓ शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- ✓ पर्यटन क्षेत्रको विकास

## २.१० नगरपालिकाको समस्या र चुनौतीहरू

यस भेरी नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान समस्या तथा चुनौतीहरुलाई निम्न बुँदामा संक्षेपीकरण गर्न सकिन्छ ।

- ✓ जनसहभागितामा कमि
- ✓ नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ✓ नगरपालिकाक्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ नगरपालिकाक्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको हुनु ।
- ✓ कृषियोग्य भूमि भएतापनि आधुनिक कृषि प्रणाली अपनाउन नसक्नु तथा व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ नेपाल सरकारले तोके वमोजिमको कर संकलन गर्न नसकिनु ।
- ✓ आयश्रोतको कमीले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ स्थानीय जनप्रतिनिधिको खाँचो हुनु ।
- ✓ आकासे पानीमा निर्भर सिंचाई
- ✓ पराम्परागत कृषि प्रणाली
- ✓ वर्षेनीनदी तथा खहरे खोलाका आसपासका कृषि भूमिको कटानको समस्या कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.११ नगरपालिकाको अन्तर नगर/गाउँसम्बन्ध

कुनै पनि नगरपालिका तथा गाउँपालिकाको अर्को नगरपालिका अथवा गाउँपालिकाका बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरपालिकाले अर्को नगरपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगरपालिका तथा गाउँपालिकाबाट आउने गरेको देखिन्छ। अन्य पहाडी/तराई क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू यस नगरमा भित्रिने गर्दछन् र यहाँको विभिन्न घरेलु उद्योगबाट उत्पादित वस्तु तथा विभिन्न सेवाहरूअन्य गाउँपालिका/नगरपालिकासम्मनिर्यात गर्ने गरेको पाइन्छ जसले गर्दा यहाँका स्थानीय बासिन्दाको आयस्तरमा बृद्धि हुन पुगेको छ । यी विविध कारणले अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।


भेरी नगरपालिकाको छिमेकी नगरपालिका, गाउँपालिका तथा जिल्ला समन्वय समितिजस्ता सरकारी निकायहरुसँग राम्रो सम्बन्ध रहेको छ । फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.१२ सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। यस भेरी नगरपालिकामा सबै ताल तलैयाहरु सुचिकृत नभएपनि हालसम्म बेर पोखरी (खलङ्गा) र पोखरा ताल (भुर) प्रमुख रुपमा रहेका छन् । यस बाहेक भेरी र माथि उल्लेख गरिएको खोल्सा, खोल्सी नदीहरुको किनारमा र उपरोक्त तालहरुको छेउछाउमा समेत सिमसार क्षेत्रहरु रहेका छन् ।


## २.१३ मुख्य नदी तथा ताल तलैयाहरू

नगरपालिकाको पूर्व दक्षिण सिमाना भएर बग्ने भेरी नदी यस भेगको प्रमुख नदीको रुपमा रहेको छ । यो नदी तिब्बतबाट शुरू भएर डोल्पाबाट बग्ने ठूली भेरी मिसिन्छ र जुम्लाबाट सानीभेरी आएर मिसिन्छ । नगरक्षेत्र भएर बग्ने अन्य खोलाहरूमा साङ्टा खोला, दमदमे खोला, बुरङ्गे खोला जस्ता खोलाहरुबाट आंशिकरुपमा लघु विद्युत उत्पादन, खानेपानी तथा सिंचाईको लागि प्रयोग भएको देखिन्छ। मानव वस्तीको क्रमिक विकास र जलवायु परिवर्तन तथा विश्वतापमान वृद्धी साथै पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरू भूक्षय भई पुरिने र सुक्ने क्रम जारी छ । यस्ता प्राकृतिक तालतलैयाहरूको पुनरुद्धार गरी जल पर्यावरणीय प्रणलीको संरक्षण र सन्तुलन कायम राख्न सके यो क्षेत्रलाई विकसित बनाउन सकिन्छ ।




**नक्सा नं. ६:** नगरपालिकामा रहेको नदी सञ्जाल

## २.१४ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू




नक्सा नं. ७: नगरपालिकामा रहेको धार्मिक स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषिक, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समस्त विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको वर्तमान अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ।

## २.१५ मुख्य चाडपर्वहरू

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यस नगरमा झण्डै शतप्रतिशत (९९.१८ प्रतिशत) मानिसले अवलम्बन गरेको धर्म हिन्दू हो । बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, कूल-थानी पूजा, कर्कट संक्रान्ति,संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, क्रिशमस डे, नयाँ वर्ष, गौरा, होली, असार आदि चाडपर्वहरु रहेका छन्।

## २.१६ सँस्कृति, कला, भाषा र साहित्य

विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन्। भेरी नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणल धनी नगरपालिकाका रुपमा रेको छ । नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ । विभिन्न किसिमका कला र सँस्कृतिहरु प्रचलनमा रहेका छन्जसलाई तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ३: सांस्कृतिक महत्वका सम्पदाहरु

| जात्रा | विशेष पर्वहरु |
| --- | --- |
| रुखमाला बजै जात्रा | हनुमान नृत्य |
| पञ्चला जात्रा | नाग/नागिनी नृत्य |
| कुटामणि र शुवाकोटी | जेठासी पूर्णिमा |
| काफ्लामष्ट जात्रा | भाद्र औंसी |
| शोडारिमष्ट जात्रा | असार १५ (दही च्यूरा) |
| सेटाखहरे क्षेत्र | वैशाख संक्रान्ति |
| पोखा जात्रा | शिवालय मन्दिर पूजा |
| रामीडाँडा जात्रा | तरेली नृत्य (नेवारी परम्परा अर्न्तगत) |
| शिवपुरी जात्रा | थाई तथा भूमी बराह |
| सालघारी जात्रा | उधौली/उभौली पूजा |
| मनघाट जात्रा | वैशाख पूर्णिमा |
| **मेला** | फागु पूर्णिमा |
| रिम्ना मेला | ठूलो एकादशी |
| जन्तलाभाव मेला | कार्त्तिक पूर्णिमा |
| रमाइलो मेला | माघे संक्रान्ति |
| घारपानी मेला | वडा दशैं |
| ऐराडी मेला | तिहार |
| चिनीकम्द मेला | साउने संक्रान्ति |
| चुवा देवाली मेला | नागपञ्चमी |
| सौरीखाल मेला | ऋषितर्पणी पूर्णिमा |
| ध्वार मेला | लाखे नृत्य |
| गौरादेव मेला | |

*श्रोत:जिल्ला समन्वय समिति, जाजरकोट, २०७३*

# खण्ड ३ : जनसाङ्खिक विवरण

## ३.१ जनसंख्याको विवरण


कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा नगरपालिकास्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार भेरी नगरपालिकाको जनसंख्या ३३,५१५ रहेको छ जस मध्ये पुरुष ४९.११ प्रतिशत (१६,४५८ जना) र महिला ५०.८९ प्रतिशत (१७,०५७ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ९६.४९ रहेको छ। प्रति वर्ग किलोमिटरमा जनघनत्व१५२जना रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५३.९१ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४०.७६ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ५.३३ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार भेरी नगरपालिकामा ६,५९० घरपरिवार रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस नगरपालिकाको कुल जनसंख्या मध्ये ३.६१प्रतिशत (१२११ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये ६१५ जना पुरुष र ५९६जना महिला छन्। हाल यस नगरपालिकामा प्रति परिवार औषत ५.०९ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा औषत परिवार सदस्य सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

तालिका नं ४: जनसंख्याको विवरण

| विवरण | २०६८ |
|---|---|
| जम्मा जनसंख्या | ३३,५१५ |
| पुरुष | १६,४५८ (४९.११%) |
| महिला | १७,०५७ (५०.८९ %) |
| लैंगिक दर | ९६.४९ |
| जम्मा घरधुरी | ६,५९० |
| औषत परिवार आकार | ५.०९ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६१.६३ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | १५२ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




**नक्सा नं. ८:** नगरपालिकाको जनसंख्या विवरण


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण


**तालिका नं ५:** वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | २९.५१ | ४.९७ | ६४५ | ३,२०७ | १५९१ | १६१६ | १०८.६८ |
| २ | ४८.२३ | ५.१५ | ८९६ | ४,६१६ | २३४६ | २२७० | ९५.७१ |
| ३ | ३.०२ | ४.६९ | ४२२ | १,९८१ | १००४ | ९७७ | ६५५.९६ |
| ४ | ९.६ | ४.२५ | ५६० | २,३८२ | ११२८ | १२५४ | २४८.१३ |
| ५ | १२.५३ | ५.०३ | ४१५ | २,०८९ | १०३९ | १०५० | १६६.७२ |
| ६ | १६.८२ | ५.१ | ५०६ | २,५८२ | १२५६ | १३२६ | १५३.५१ |
| ७ | २४.१८ | ५.६६ | ५७४ | ३,२४६ | १६५३ | १५९३ | १३४.२४ |
| ८ | ९.७२ | ५.३ | ३७९ | २,००९ | ९४४ | १०६५ | २०६.६९ |
| ९ | ९.०७ | ५.७२ | ३३७ | १,९२७ | ९४४ | ९८३ | २१२.४६ |
| १० | १९.१४ | ५.२९ | ४१५ | २,१९७ | १०९६ | ११०१ | ११४.७९ |
| ११ | १५.७४ | ५.२५ | ५९६ | ३,१२९ | १५२३ | १६०६ | १९८.७९ |
| १२ | १४.६४ | ५.०६ | ४६१ | २,३३२ | ११२१ | १२११ | १५९.२९ |
| १३ | ७.५७ | ४.७३ | ३८४ | १,८१८ | ८१३ | १००५ | २४०.१६ |
| जम्मा | २१९.७७ | **५.०९** | **६,५९०** | **३३,५१५** | **१६,४५८** | **१७,०५७** | १५२.५० |


*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस भेरी नगरपालिकाका १३ वडाहरुका जनसंख्याको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं २ रहेको छ जसमा जम्मा जनसंख्या ४,६१६ (पुरुषको २,३४६ जना र महिलाको २,२७० जना) रहेको छ। यस वडाको औसत परिवार आकार ५.१५ र घरधुरी संख्या ८९६ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. १३ रहेको छ जसको जनसंख्या १,८१८ (पुरुषको ८१३जना र महिलाको १,००५ जना) रहेको छ भने घरधुरी संख्या ३८४ र औसत परिवार संख्या ४.७३ रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।







**नक्सा नं. ९:** नगरपालिकाको वडागत क्षेत्रफल




नक्सा नं. १०: नगरपालिकाको वडागत जनसंख्या




नक्सा नं. ११: नगरपालिकाको घरधुरी

## ३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो समयमा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।


राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

तालिका नं ६: उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ४६६४ | ६१७४ | ५१४ | ५८९ | १५० | २१ | ८ | १२१२० |
| महिला | ४१८१ | ७४४१ | १६३ | ४१७ | ४७७ | ३० | २१ | १२७३० |
| **जम्मा** | ८८४५ | १३६१५ | ६७७ | १००६ | ६२७ | ५१ | २९ | २४८५० |
| **प्रतिशत** | ३५.५९ | ५४.७९ | २.७२ | ४.०५ | २.५२ | ०.२१ | ०.१२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा  १३,६१५ (५४.७९ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने ६७७ जना (२.७२ प्रतिशत) रहेको छ। पुन: विवाह गर्ने१००६ जना (४.०५ प्रतिशत), विधुवा/विधुर ६२७ जना (२.५२ प्रतिशत), पारपाचुके भएका ५१ जना (०.२१ प्रतिशत) र छुट्टिएका २९ जना (०.१२ प्रतिशत) रहेका छन्। नगरपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १,२६७ (९.३१ प्रतिशत) ले बढी रहेको छ। भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा ३५१ (५१.८५ प्रतिशत) ले बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.८ पहिलो विवाह गर्दाको उमेरको विवरण

**तालिका नं ७:** पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १० | २२५ | ३७२० | २५७६ | ७२६ | १४६ | ३५ | १७ | ५ | ४ | ७,४६४ |
| महिला | २८ | १३९३ | ५४८६ | १३९७ | २०२ | ३६ | १० | ३ | २ | ० | ८,५५७ |
| जम्मा | ३८ | १,६१८ | ९,२०६ | ३,९७३ | ९२८ | १८२ | ४५ | २० | ७ | ४ | १६,०२१ |
| प्रतिशत | ०.२४ | १०.१० | ५७.४६ | २४.८० | ५.७९ | १.१४ | ०.२८ | ०.१२ | ०.०४ | ०.०२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। भेरी नगरपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ९,२०६ अर्थात् सबैभन्दा बढी (५७.४६ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ३,९७३ (२४.८० प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १,६१८ (१०.१० प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ३८ ( ०.२४ प्रतिशत) रहेको देखिन्छ। माथिको तालिकामा पहिले बाल अवस्थामै विवाह भएका व्यक्तिहरु तथ्यांक भएकोले सोही तथयाङ्क पनि उल्लेख गरिएको छ यद्यपी अहिले बालविवाह धेरै हदसम्म निर्मूल भइसकेको छ र यस्ता सामाजिक कुरिति केहि विकट ठाउँमा अझै पनि शिक्षाको कमिले कायमै रहेको पाईन्छ। यसलाई निर्मुल गर्न व्यापक जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने देखिन्छ ।

## ३.५ उमेर समूहअनुसार जनसंख्याको विवरण


तालिका नं ८: उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | २१७० | २०६७ | ४,२३७ | १२.६४ | १.०५ |
| ५-९ | २१६८ | २२६० | ४,४२८ | १३.२१ | ०.९६ |
| १०-१४ | २४५८ | २५३८ | ४,९९६ | १४.९१ | ०.९७ |
| १५-१९ | १८६४ | २००१ | ३,८६५ | ११.५३ | ०.९३ |
| २०-२४ | १४०८ | १६७५ | ३,०८३ | ९.२० | ०.८४ |
| २५-२९ | ११७३ | १३३८ | २,५११ | ७.४९ | ०.८८ |
| ३०-३४ | ८६१ | १०६६ | १,९२७ | ५.७५ | ०.८१ |
| ३५-३९ | ९५४ | ९७० | १,९२४ | ५.७४ | ०.९८ |
| ४०-४४ | ७९० | ८१५ | १,६०५ | ४.७९ | ०.९७ |
| ४५-४९ | ७०५ | ६११ | १,३१६ | ३.९३ | १.१५ |
| ५०-५४ | ५७३ | ४५७ | १,०३० | ३.०७ | १.२५ |
| ५५-५९ | ४१९ | ३८८ | ८०७ | २.४१ | १.०८ |
| ६०-६४ | ३८६ | ४०१ | ७८७ | २.३५ | ०.९६ |
| ६५-६९ | २५६ | २५२ | ५०८ | १.५२ | १.०२ |
| ७०-७४ | १३७ | ११७ | २५४ | ०.७६ | १.१७ |
| ७५-७९ | ७१ | ५३ | १२४ | ०.३७ | १.३४ |
| ८०-८४ | ३७ | २६ | ६३ | ०.१९ | १.४२ |
| ८५-८९ | १८ | १४ | ३२ | ०.१० | १.२९ |
| ९०-९४ | ७ | ४ | ११ | ०.०३ | १.७५ |
| ९५+ | ३ | ४ | ७ | ०.०२ | ०.७५ |
| **जम्मा** | **१६,४५८** | **१७,०५७** | **३३,५१५** | १००.०० | ०.९६ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस नगरपालिकामा वि.सं २०६८ को जनगण्ना अनुसार ०-१४ वर्ष उमेर समूहको संख्या १३,६६१ ( ४०.७६ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या १४,९१५ (४४.५० प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या १८,०६८ (५३.९१ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या १७,०५७ (५०.८९ प्रतिशत) र पुरुषको जनसंख्या १६,४५८ (४९.११ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर १.७९ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या १,७८६ (५.३३ प्रतिशत) रहेको छ। तथ्याङ्कले नगरपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरूमा पनि यस नगरपालिका मा मानव स्रोतको कमी नहुने देखाउँछ । जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ ।

उमेर समूहअनुसार जनसख्याको विवरण





## ३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण

यस नगरपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट विविधता रहेको पाईन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार जाजरकोट जिल्लामा कुल ७३ किसिमका जातजातिको बसोबास रहेको पाईन्छ भने ८ भन्दा बढि किसिमका मातृभाषाभाषिहरु बोलिने गरिएको देखिन्छ। यसरी जाजरकोट जिल्लामा अवस्थित भेरी नगरपालिका मा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाति १०,१९४ जना (३०.४२%), दोस्रोमा कामी ९,३२२ (२७.८१%) र तेस्रोमा ठकुरी ५,६५४ (१६.८७%) रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ९:** भेरी नगरपालिकाको जनसंख्या र जातको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत | क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | १०,१९४ | ३०.४२ | १० | गाइने | १२५ | ०.३७ |
| २ | कामी | ९,३२२ | २७.८१ | ११ | सार्की | ११७ | ०.३५ |
| ३ | ठकुरी | ५,६५४ | १६.८७ | १२ | राजी | १०० | ०.३० |
| ४ | मगर | ४,६२६ | १३.८० | १३ | चमार/हरिजन/राम | ५८ | ०.१७ |
| ५ | ब्राम्हण पहाडी | १,२७९ | ३.८२ | १४ | जनजाति अन्य | ४३ | ०.१३ |
| ६ | दमाई/ढोली | ९५४ | २.८५ | १५ | दलित अन्य | ५ | ०.०१ |
| ७ | सन्यासी/दशामी | ५३५ | १.६० | १६ | तराई अन्य | ७७ | ०.२३ |
| ८ | नेवार | २४२ | ०.७२ | १७ | अन्य | १३ | ०.०४ |
| ९ | वादी | १७१ | ०.५१ | | जम्मा | ३३,५१५ | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*





## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

तालिका नं १०: मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत | क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ३३,४८७ | ९९.९२ | ६ | थारु | १ | ०.०० |
| २ | मैथिली | १५ | ०.०४ | ७ | तामाङ्ग | १ | ०.०० |
| ३ | हिन्दी | ४ | ०.०१ | ८ | मगर | १ | ०.०० |
| ४ | गुरुङ्ग | ३ | ०.०१ | ९ | उल्लेख नगरिएको | २ | ०.०१ |
| ५ | भोजपुरी | १ | ०.०० | | जम्मा | ३३,५१५ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस नगरपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा सबैभन्दा बढी नेपाली भाषा बोल्नेहरुको संख्या अर्थात ३३,४८७ (९९.९२ प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा मैथिली भाषा १५(०.०४ प्रतिशत) रहिन्दी बोल्ने संख्या ४ (०.०१ प्रतिशत) रहेको पाइन्छ । सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।




## क) आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ । यस नगरपालिकाको कुल जनसंख्या ३३,५१५ मध्ये १५.१६ प्रतिशत (५,०८२ जना) जनसंख्या आदिवासी (थारु, मगर, नेवार, गुरुङ, घर्ती/भूजेल, वादि तामाङ, लिम्बु आदि) रहेको छ । जसमा सबैभन्दा बढी मगर जातिको संख्या ४,६२६ (१३.८० प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरुको आफ्नो मौलिक संस्कृतिलाई आधुनिकाको प्रभावको बीच बचाई राखेको पाइन्छ। यी समुदायद्वारा भेरी नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। भेरी नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

## ख) सिमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ । जात जातिको हिसावले भेरी नगरपालिकामा पनि ठूलो समुदायको रुपमा रहेको उत्पीडितहरूले लगभग ३१.५७ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका

रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., नि.मा.वि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानूनी अपराधको रुपमा परिभाषित गरिएको ५ दशक भए पनि उत्पीडित र उपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। भेरीको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।


## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

तालिका नं ११: धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | क्रिश्चियन | बौद्ध | इस्लाम | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|
| ३३,२४१ | २६८ | ४ | १ | १ | ३३,५१५ |
| ९९.१८ | ०.८० | ०.०१ | ०.०० | ०.०० | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या ३३,५१५ जनाको लगभग ९९.१८ प्रतिशत (३३,२४१ जना) हिन्दु, ०.८० प्रतिशत (२६८ जना) क्रिश्चियन, ०.०१ प्रतिशत (४जना) बौद्ध धर्मावलम्बीहरु र सबैभन्दा कम इस्लाम १ जना रहेको पाईन्छ। माथिको तालिकामा भेरी नगरपालिकाको धर्मगत जनसंख्याको तथ्याङ्कलाई देखाइएको छ । यी विविध तथ्यबाट नगरपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट हिन्दु धर्मावलम्बीको प्रभाव बढी रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




यस नगरपालिकाका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरामा तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। नगरपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन् । जस्तै, हिन्दू धर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध, कूल-थानी पूजा, ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरु मनाउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरुले ईद, वकरईद, आदि र क्रिश्चियनहरुले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे आदि मनाउने गर्दछन् । पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने मधेसी मूलकाले कमेज, धोती आदि लगाउँछन् । तर आधुनिकताको प्रभावसँगै सबै जातजातिका युवा, युवतीहरु क्रमश: पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् ।


## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं १२: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ६०१ | ४४ | ० | ० | ६४५ |
| २ | ८७९ | १७ | ० | ० | ८९६ |
| ३ | ३४४ | ६९ | ६ | ३ | ४२२ |
| ४ | ४४६ | १०६ | २ | ६ | ५६० |
| ५ | ४१४ | १ | ० | ० | ४१५ |
| ६ | ४९२ | ८ | ० | ६ | ५०६ |
| ७ | ५७३ | १ | ० | ० | ५७४ |
| ८ | ३७७ | १ | ० | १ | ३७९ |
| ९ | ३३३ | १ | ० | ३ | ३३७ |
| १० | ३९८ | ११ | ० | ६ | ४१५ |
| ११ | ५९० | ६ | ० | ० | ५९६ |
| १२ | ४५४ | २ | ० | ५ | ४६१ |
| १३ | ३७८ | ५ | ० | १ | ३८४ |
| जम्मा | ६,२७९ | २७२ | ८ | ३१ | ६,५९० |
| प्रतिशत | ९५.२८ | ४.१३ | ०.१२ | ०.४७ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

तालिकामा भेरी नगरपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस नगरपालिकामा जम्मा ६,५९० घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ६,२७९ (९५.२८ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या २७२ (४.१३ प्रतिशत रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ८ (०.४७ प्रतिशत) र अन्य घरधुरीको संख्या ३१ (०.४७ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. २ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या (८७९) सबैभन्दा बढी रहेको पाइन्छ । त्यसैगरी वडा नं. ९ मा सबैभन्दा कम (३३३) घरधुरी संख्या निजी स्वामित्वमा रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१० घरमूलीको लैङ्गिक विवरण


चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । यसै तथ्यांकलाई आधार मानी स्थानिय सरकारको रुपमा गठित गाउँपालिका/नगरपालिकाको महिला घरमूलिको विवरण उल्लेख गरिएको छ ।

तालिका नं १३: घरमुलीको लैङ्गिक विवरण

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ५५९ | ८६ | ६४५ |
| २ | ८१४ | ८२ | ८९६ |
| ३ | ३३० | ९२ | ४२२ |
| ४ | ४१६ | १४४ | ५६० |
| ५ | ३८३ | ३२ | ४१५ |
| ६ | ४५३ | ५३ | ५०६ |
| ७ | ५५० | २४ | ५७४ |
| ८ | ३२४ | ५५ | ३७९ |
| ९ | २९५ | ४२ | ३३७ |
| १० | ३४५ | ७० | ४१५ |
| ११ | ५१२ | ८४ | ५९६ |
| १२ | ३५१ | ११० | ४६१ |
| १३ | २५९ | १२५ | ३८४ |
| जम्मा | ५,५९१ | ९९९ | ६,५९० |
| प्रतिशत | ८४.८४ | १५.१६ | १००.०० |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

वि.सं. २०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ६,५९० घरधुरी संख्या रहेको यस नगरपालिकामा ८४.८४ प्रतिशत घरमा पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने १५.१६ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ। नगरपालिकाको वडागतरुपमा लैङ्गिक घरधुरीको तुलना गर्दा समग्र सबै वडाहरुमा पूरुष नै बढि घरमूली भै घरको मुख्य जिम्मेवारी लिएको पाइन्छ। यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ साथै विवरणलाई तल स्तम्भमा चित्र प्रस्तुत गरिएको छ।





## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

**तालिका नं १४:** महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | १२ | ६२८ | ५ | ६४५ |
| २ | २२ | ८७२ | २ | ८९६ |
| ३ | ५८ | ३६० | ४ | ४२२ |
| ४ | ९८ | ४६० | २ | ५६० |
| ५ | १ | ४१४ | ० | ४१५ |
| ६ | २३ | ४७८ | ५ | ५०६ |
| ७ | २ | ५७१ | १ | ५७४ |
| ८ | १ | ३७८ | ० | ३७९ |
| ९ | ७ | ३२८ | २ | ३३७ |
| १० | ३ | ४११ | १ | ४१५ |
| ११ | ३७ | ५५७ | २ | ५९६ |
| १२ | १४ | ४४३ | ४ | ४६१ |
| १३ | ७ | ३७५ | २ | ३८४ |
| **जम्मा** | २८५ | ६,२७५ | ३० | ६,५९० |
| **प्रतिशत** | ४.३२ | ९५.२२ | ०.४६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा भेरी नगरपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या २८५ (४.३२ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ६,२७५ (९५.२२ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या ३० (०.४६ प्रतिशत) रहेको छ। जुन प्राप्त तथ्याङ्क अनुसार यस नगरपालिकामा अझै पनि महिलाको सवलिकरणका लागि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

**तालिका नं १५:** महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ३० | ६१० | ५ | ६४५ |
| २ | ५१ | ८४३ | २ | ८९६ |
| ३ | ६९ | ३४९ | ४ | ४२२ |
| ४ | १२४ | ४३४ | २ | ५६० |
| ५ | १ | ४१४ | ० | ४१५ |
| ६ | ३१ | ४७० | ५ | ५०६ |
| ७ | १३ | ५६० | १ | ५७४ |
| ८ | १ | ३७८ | ० | ३७९ |
| ९ | १२ | ३२३ | २ | ३३७ |
| १० | ४ | ४१० | १ | ४१५ |
| ११ | ५६ | ५३८ | २ | ५९६ |
| १२ | २३ | ४३४ | ४ | ४६१ |
| १३ | ३८ | ३४४ | २ | ३८४ |
| **जम्मा** | ४५३ | ६,१०७ | ३० | ६,५९० |
| **प्रतिशत** | ६.८७ | ९२.६७ | ०.४६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस भेरी नगरपालिकामा महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण अनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या ४५३ (६.८७ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ६,१०७(९२.६७ प्रतिशत) रहेको छ । माथिको विवरणलाई अध्ययन गर्दा महिला समानता कायम गर्न नेपाल सरकारले महिलाको नाममा जग्गा राजिष्ट्रेसन गर्दा राजस्वमा छुट दिएको छ यसले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ । यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ ।




## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

**तालिका नं १६:** अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | अनुपस्थित जम्मा | थाहा नभएको | अनुपस्थित पुरुष | अनुपस्थित महिला |
|---|---|---|---|---|---|---|
| २०६८ | ६,५९० | ५४३ | ६,०४० | ७ | | |
| प्रतिशत | | ८.२४ | ९१.६५ | ०.११ | | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस भेरी नगरपालिकामा उपस्थित घरधुरीको संख्या ९१.६५ प्रतिशत अर्थात ६,०४० रहेको छ भने अनुपस्थित घरधुरी संख्या ८.२४ प्रतिशत अर्थात ५४३ घरधुरी अनुपस्थिति रहेको देखिन्छ । ०.११ प्रतिशत अर्थात ७ घरधुरी थाहा नभएको अवस्थामा छ । अनुपस्थित घरधुरी भन्नाले काम, रोजगार, अध्ययन वा अन्य प्रयोजनका लागि आफ्नो मूल थलो छोडी लामो समयसम्म बाहिर रहने जनसंख्या हो ।


## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं १७: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| बाहिरी गारोका आधारमा घरको विवरण | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | काँचो ईँटा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६१७ | २० | ४ | ० | ० | ४ | ६४५ |
| २ | ८६५ | १३ | ५ | ० | १ | १२ | ८९६ |
| ३ | ४१० | ५ | ० | १ | ० | ६ | ४२२ |
| ४ | ४८४ | ६८ | २ | २ | ० | ४ | ५६० |
| ५ | ४०६ | ३ | १ | ० | ० | ५ | ४१५ |
| ६ | ४९८ | ० | २ | ० | ० | ६ | ५०६ |
| ७ | ५६० | ५ | १ | ० | ० | ८ | ५७४ |
| ८ | ३७६ | २ | ० | ० | ० | १ | ३७९ |
| ९ | ३३० | १ | १ | ० | ० | ५ | ३३७ |
| १० | ४०५ | ० | ० | ३ | ० | ७ | ४१५ |
| ११ | ५८५ | ३ | ७ | १ | ० | ० | ५९६ |
| १२ | ४५४ | २ | १ | २ | ० | २ | ४६१ |
| १३ | ३५३ | २९ | २ | ० | ० | ० | ३८४ |
| **जम्मा** | **६,३४३** | **१५१** | **२६** | **९** | **१** | **६०** | **६,५९०** |
| प्रतिशत | ९६.२५ | २.२९ | ०.३९ | ०.१४ | ०.०२ | ०.९१ | **१००** |

स्रोत: राष्ट्रिय जनगणना २०६८

माथिको तथ्याङ्कलाई हेर्दा यस भेरी नगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमामाटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको सबैभन्दा धेरै घरधुरी संख्या ६,३४३ (९६.२५ प्रतिशत) छ भने सबैभन्दा कम काँचो ईँटाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या १ (०.०२ प्रतिशत) रहेको छ। यसैगरी सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगाभएको घरधुरी संख्या १५१ (२.२९ प्रतिशत), काठ तथा फल्याकबाट बनेको बाहिरी गारोको घरधुरी संख्या २६ (०.३९ प्रतिशत) रहेको छ भने र उल्लेख नगरिएका ६० (०.९१ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ८६५ वडा नं. २ मा रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. ९ मा जम्मा ३३० घरधुरी संख्या रहेको पाईयो। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं १८: छानाको आधारमा घरको बनोटको विवरण

| वडा | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिंगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | माटो | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १० | ५ | ६२३ | ० | ३ | ० | ० | ४ | **६४५** |
| २ | २१३ | ४ | ६५३ | ० | ९ | २ | ० | १५ | **८९६** |
| ३ | ३६ | ४ | ३५८ | ७ | ० | ९ | ० | ८ | **४२२** |
| ४ | १० | १३ | ५२७ | ५ | ० | ० | ० | ५ | **५६०** |
| ५ | २ | ० | ४०१ | ० | ० | ५ | ० | ७ | **४१५** |
| ६ | ७० | १ | ४२१ | ० | ० | ० | ७ | ७ | **५०६** |
| ७ | ११ | २ | ५३२ | ० | ० | २० | ० | ९ | **५७४** |
| ८ | ० | ६ | ३३५ | ० | ० | १ | ३५ | २ | **३७९** |
| ९ | १७ | ३ | २२६ | ० | १ | ५२ | ३७ | १ | **३३७** |
| १० | २७ | ३ | २६४ | ० | ० | ११६ | ० | ५ | **४१५** |
| ११ | ५ | १ | ४८० | ० | ० | ११० | ० | ० | **५९६** |
| १२ | ६ | ३ | २६० | ० | १ | १८८ | १ | २ | **४६१** |
| १३ | २ | ५ | २६१ | ३ | ० | ११ | ० | ० | **३८४** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ३ | | | |
| **जम्मा** | ४०९ | ५० | ५,३४१ | १५ | १४ | ६१६ | ८० | ६५ | **६,५९०** |
| **प्रतिशत** | ६.२१ | ०.७६ | ८१.०५ | ०.२३ | ०.२१ | ९.३५ | १.२१ | ०.९९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




यस भेरी नगरपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको संख्या सबैभन्दा धेरै ५,३४१ ( ८१.०५ प्रतिशत) रहेको छ भने सबैभन्दा थोरै काठ तथा फल्याकको छाना रहेको घरधुरी संख्या १४ (०.२१ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमामाटोको छाना भएको घरधुरी ६१६ (९.३५ प्रतिशत), तेस्रोमा खर/पराल/छ्वालीको छाना भएका घरधुरी ४०९ (६.२१ प्रतिशत), जस्ता, टिन तथा च्यादरको छाना भएको घरधुरी ५० (०.७६ प्रतिशत) र सिमेन्ट तथा ढलानको छाना रहेको घरधुरी १५ (०.२३ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा दिइएको छ ।

## ३.१६ जगको आधारमा घरको बनोटको विवरण


तालिका नं १९: जगको आधारमा घरको बनोटको विवरण

| वडा | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गा | ढलान पिल्लरसहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६३५ | २ | ० | ४ | ० | ४ | **६४५** |
| २ | ८८१ | ० | ० | ५ | ० | १० | **८९६** |
| ३ | ४०९ | ६ | ० | १ | ० | ६ | **४२२** |
| ४ | ५४६ | ६ | १ | ३ | ० | ४ | **५६०** |
| ५ | ४१० | ० | ० | ० | ० | ५ | **४१५** |
| ६ | ४९८ | ० | ० | २ | ० | ६ | **५०६** |
| ७ | ५६६ | ० | ० | ० | ० | ८ | **५७४** |
| ८ | ३७८ | ० | ० | ० | ० | १ | **३७९** |
| ९ | ३३६ | ० | ० | ० | ० | १ | **३३७** |
| १० | ४०९ | ० | ० | ४ | ० | २ | **४१५** |
| ११ | ५९५ | ० | ० | १ | ० | ० | **५९६** |
| १२ | ४५७ | ० | ० | २ | ० | २ | **४६१** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | ३८३ | १ | ० | ० | ० | ० | **३८४** |
| **जम्मा** | ६,५०३ | १५ | १ | २२ | ० | ४९ | **६,५९०** |
| **प्रतिशत** | ९८.६८ | ०.२३ | ०.०२ | ०.३३ | ०.० | ०.७४ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

भेरी नगरपालिकामा परिवारले प्रयोग गरेको माटोको जोडाइ भएको ईँटा तथा ढुंगाको जगभएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ६,५०३ (९८.६८ प्रतिशत) छन् भने काठको खम्बा गाडेको जग भएको २२ ( ०.३३ प्रतिशत), सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुंगाबाट बनेको घरको जग भएका घरधुरी १५ (०.२३ प्रतिशत) र सबैभन्दा कम ढलान पिल्लरसहितको जग भएको घरको संख्या १ (०.०२ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### क) घर निर्माणका किसिमहरू

भेरी नगरपालिका भित्र रहेका घरको स्वरुपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाइ भएको ईँटा तथा ढुंगाको जग र गारो पनि माटोको जोडाइ भएको ईँटा तथा ढुंगा र छाना चाहि टायल, खपडा, झिँगटी तथा ढुङ्गाको भएको पाईयो । नगरमा भूकम्प जोखिमरहित भवन न्यून मात्र रहेकोमा कुनै पनि बेला भूकम्प आएको खण्डमा सजिलै भत्किने अवस्था छ तसर्थ यस्ता भवनहरुको कसरी निर्माण गर्ने, भूकम्प आएको खण्डमा कसरी जोगिने, नयाँ भवन बनाउँदा कसरी बनाउने जस्ता विषयमा आधारित चेतनामुलक कार्यक्रम संचालन गर्न जरुरी छ ।

## ३.१७ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । पहाडी जिल्लाहरुमा बसाई सराईको इतिहास वि.सं. २०१९ सालदेखि प्रारम्भ भएको मान्न सकिन्छ। यस भेरी नगरपालिकामा छिमेकी गाउँपालिका एवं जिल्लाबाट बसाई सराई गर्ने क्रममावृद्धि भएको देखिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थाई रुपमा

बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी आउनुका विभिन्न कारणहरु छन् । ती मध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् ।

बेरोजगारीको समस्या नगरपालिकाको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत नगरपालिकाबाट बढ्न थालेको छ। खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने र निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठुलो रहने गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा नगरपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।

## ३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

तालिका नं २०: व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण


| वडा नं. | जन्म दर्ता | मृत्यु दर्ता | विवाह दर्ता | सम्बन्ध विच्छेद | बसाइ सराइ संख्या |
|---|---|---|---|---|---|
| १ | १२७ | २० | २७ | ० | ११ |
| २ | १३५ | १९ | ४७ | | १२ |
| ३ | ५८ | ९ | २२ | | ५ |
| ४ | ८२ | ८ | १९ | | ६ |
| ५ | ११५ | ६ | २७ | १ | २ |
| ६ | १३० | १९ | ३१ | | ३ |
| ७ | १९६ | १९ | २४ | | २ |
| ८ | १०६ | १५ | २३ | | ३ |
| ९ | १४४ | २१ | ३५ | | ४ |
| १० | १९९ | १३ | २८ | | १ |
| ११ | १२५ | १७ | ५२ | | ११ |
| १२ | १११ | २१ | ४३ | | ४ |
| १३ | ११२ | १२ | २१ | | ४ |
| **जम्मा** | **१६४०** | **१९९** | **३९९** | **१** | **६८** |

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७४*

नगरपालिकामा २०७३ सालको व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ जसमा हालसम्म १६४० बालबालीकाको जन्म दर्ता देखाइएको छ भने १९९ जनाको मृत्यु दर्ता भएको देखिएको छ। विवाह दर्ताको स्थिति हेर्दा नगरपालिकामा ३९९ जनाको २०७३ सम्ममा विवाह दर्ता भएको देखिन्छ । सो अवधीमा नगरपालिकामा एउटा मात्रसम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिन्छ । यस अवधिमा जम्मा ६८ बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानूनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ । यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाई,

सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।




नक्सा नं. १२: नगरपालिकाको बसाइ अवस्था

# खण्ड ४ : भू-उपयोग




नक्सा नं. १३: नगरपालिकाको भू-उपयोग


## ४.१ नगरपालिकाको भू-उपयोगको विवरण

तालिका नं २१: भू-उपयोग विश्लेषण

| विवरण | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|
| खेती योग्य जमिन | ४८३८.४ | २२.०१ |
| खेती गरिएको | २७५७.५६ | १२.५४ |
| वनजंगल | ११,४९९ | ५२.३२ |
| ताल,खोला, नदी, पोखरी, | २३४ | १.०६ |
| झाडी बुट्यान | २२६६ | १०.३१ |
| अन्य (घाँस, बगर) | ३८२ | १.७३ |
| कुल क्षेत्रफल | २१९७७.१० | |

*स्रोत : जिल्ला समन्वय समिति कार्यालय,२०७३*

भेरी नगरपालिकाको विधमान भू-उपयोग हेर्दा नगरपालिकाको २२.०१ प्रतिशत (४८३८.४० हे.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ भने ५२.३२प्रतिशत (११,४९९ हे.) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। भेरी नगरपालिकामा जलाशय क्षेत्रले करिव १.०६ प्रतिशत (२३४ हे.) त्यस्तै अन्य (घाँस, बगर) क्षेत्रले करिव ३८२ प्रतिशत (१.७३ हे.) जग्गा ओगटेको पाइन्छ । नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।



## ४.२ वस्ती विकासको स्वरूप

जाजरकोट जिल्लाको सदरमुकाम खलङ्गा भेरी नगरपालिकाको केन्द्र विन्दु पनि हो । यहाँको सडक सञ्जाल देशको सबै मुख्य मुख्य शहरी क्षेत्रहरुसँग जोडिएको हुँदा नगरपालिकाको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू क्रमिक विकास भैरहेका छन् । जिल्लामा अधिकांश भू-व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगरपालिका योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ। नगरपालिकाबासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै संयुक्त वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् । यसका अतिरिक्त भेरी नगरपालिकाले नगरपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु (NGOs),सामुदायिक संस्थाहरु (CBOs), टोल विकास संस्थाहरु (TLO), वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली ( Planning) आदिलाई समावेश गरी वृहत छलफल पश्चात प्रत्येक टोलमा फोहर व्यवस्थापनका लागि कन्टेनर, प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र शौचालयको व्यवस्था गर्नुपर्ने, विभिन्न वडाका घरधुरीका लागि खानेपानीको परियोजना आदि विकास निर्माणका योजनाहरु गर्नुपर्ने देखिन्छ ।



## ४.३ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरूप

भेरी नगरपालिका जलवायुको हिसाबले बसोबासको लागि उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत क्रमश विकास भैरहेको र शिक्षा, स्वास्थ्य जस्ता सामाजिक पूर्वाधारहरु समेत विकास भैरहेको सन्दर्भमा नगरपालिकाका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक

बस सेवाको क्रमिक विस्तार हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न नगरपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना समयमै बनाउनु आवश्यक छ।

नगरपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।

नगरपालिकाको कुल ६,५९० परिवारहरू मध्ये, घरको जग माटोको जोडाइ भएको इट्टा, ढुङ्गा भएका घरधुरी ९८.६८ प्रतिशत, बाहिरि गाह्रो माटोको जोडाइ भएको इट्टा, ढुङ्गा भएका घरधुरी ९६.२५ प्रतिशत र टायल/खपडा/झिँगटि/ढुङ्गा छाना भएका घरधुरी ८१.०५ प्रतिशत छन्। पहाडका धेरै नगरपालिकाहरूको स्थिति भन्दा आवास घर निर्माणमा भेरी नगरपालिकाको स्थिति राम्रो रहेको छ । नगरपालिकामा कुल २७२( ४.१३) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ६,२७९ (९५.२८ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। नगरपालिकाभित्र ८ (०.१२ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा नगरपालिकासाथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका नगरपालिका विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ भू-क्षय सम्भावित क्षेत्र

नगरपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। वनविनासको असर, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित भूक्षय र बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी हुनाले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलत: नगरपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। यसका लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू

अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा  तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ । उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ ।

## ४.५ भूक्षय तथा प्रकोप

तालिका नं २२: नगरपालिकामा भएका प्रकोपको विवरण

| क्र.सं | स्थान | प्रकोपबाट प्रभावित | | | |
|---|---|---|---|---|---|
| | | भएका परिवार | | नभएका परिवार | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भूर | ३७ | ३.७ | ९५३ | ९६.३ |
| २ | जगतीपुर | ३८ | ३.५ | १०३५ | ९६.५ |
| ३ | खलङ्गा | ६६ | ३.६ | १७५८ | ९६.४ |
| ४ | पुन्मा | ५४१ | ४३.१ | ७१३ | ५६.९ |
| जम्मा | | ६८२ | | ४,४५९ | |

*श्रोत: जिल्ला समन्वय समिति जाजरकोट स्थलगत सर्वेक्षण*

नगरमा विभिन्न प्रकोपबाट जस्तै बाढि पहिरो, रोग आदिबाट प्रभावित भएका परिवार कुल ६८२ जना छन् भने प्रभावित नभएका परिवार ४,४५९ जना छन जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ४.६ नगरपालिका क्षेत्रमा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं २३: नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | सम्भावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भुकम्प प्रतिरोधात्मक घर कमै मात्रामा भएको, | जुनसुकै समयमा |
| २ | बाढी | नगरपालिकामा विशेषत: साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |

| | | | |
|---|---|---|---|
| ३ | आगलागी | नगरपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका लगाएतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्ंचात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना  कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | नगरपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ७ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत : जिल्ला समन्वय समिति, जाजरकोट*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप

नगरपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, व्यापार उद्योग, पानी, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी र माटोको बनोट भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण नगरपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै गाविसहरूमा पहुँच सहज बनाएको छ ।त्यसैगरी नगरपालिकामा ठूलो संख्यामा रहेका तालहरूसहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले जिल्लाको विकासमा थप सम्भावना बोकेका छन् । भेरी नगरपालिका जाजरकोट जिल्लाको एकदमै रमणीय, धार्मिक तथा ऐतिहासिक नगरपालिकाको रुपमा चिनिन्छ । तसर्थ यस नगरपालिकामा क्षेत्रीय आकर्षण रहनु, जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानून, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू नगरपालिकाको विकासका लागि रहेका छन् ।

मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस नगरपालिकाका मानिसहरु साना तथा मझौला उद्योगहरुको विकास तर्फ लागिरहेका देखिन्छन् । नगरपालिकाको आर्थिक क्रियाकलापको अर्को विकल्प वैदेशिक रोजगार पनि हो।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरु मध्ये जाजरकोट जिल्ला र विशेषत: भेरी नगरपालिकाको महत्वपूर्ण स्थान रहेको छ । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं २४: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | पूरुष | महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| ३३,५१५ | ८७४७ (४८.४१ प्रतिशत) | ९३२१ (५१.५९प्रतिशत) | १८०६८ (५३.९१ प्रतिशत) |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

नगरपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ८७४७ (४८.४१ प्रतिशत), महिलाको संख्या ९३२१ (५१.५९ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता अझै पनि ५७४ (३.१८ प्रतिशत) छ, भने नगरपालिकाको कुल जनसंख्याको १८,०६८ अर्थात् ५३.९१ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ४६.०९ प्रतिशत छन्।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं २५: आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धाहरू (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | १३,६६१ | ८८.४४ | १,७८६ | ११.५६ | १५,४४७ | ४६.०९ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

नगरपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १३,६६१ (८८.४४ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या १,७८६ (११.५६ प्रतिशत) देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या १५,४४७ (४६.०९ प्रतिशत) देखिन्छ । जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ ।

## ५.४ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धीविविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि विकास मन्त्रालय र सहकारी तथा गरिबी निवारण मन्त्रालय र केन्द्रय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको वैज्ञानिक सदुपयोग विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

नगरपालिकाको २२.०१ प्रतिशत भूभाग कृषिका लागि उपयोगी क्षेत्र रहेको छ । सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । नगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । कृषि योग्य जमिनको पूर्णत सदुपयोग गर्न सके वार्षिक आयमा बृद्धिगरी जीवनस्तर उकास्नुका साथै रोजगारी समेत श्रृजना हुन सक्ने देखिन्छ ।

#### (क) हिउँदे बाली

नगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो, फापर, जौ, उखु, अरहर, मास, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, आलु, मसला बाली आदि रहेका छन् ।

#### (ख) वर्षे बाली

नगरपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, गहत, आलु, कागती निबुवा, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा आदि छन् ।

### ५.४.१ कृषिजन्य बाली सम्बन्धी विवरण

तालिका नं २६: नगरपालिकामा कृषिजन्य बाली सम्बन्धी विवरण

| मुख्य बाली | क्षेत्रफल (रोपनी) | उत्पादन (क्वीन्टल)) |
|---|---|---|
| अन्न बाली | ५४,८९३ | ४२,३९४ |
| दाल बाली | ३,१२५ | ९४५ |
| तेल बाली | १,८५३ | ९०८ |

*स्रोत: जिल्ला कृषि विकास कार्यलय, २०७२*

### ५.४.२ कृषि बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रुपमा रहेको पाइन्छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं २७: विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | डढुवा, भाइरस |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, पतेरो | एनथ्राक्नोजा, सेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | गवारो | पात डढुवा, |

*श्रोत: जिल्ला कृषि विकास कार्यालय, जाजरकोट २०७२*

### ५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन भेरी नगरपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्रहरू स्थापना गरिएका छन् ।

तालिका नं २८: कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

| सि. नं. | कृषि सेवाकेन्द्र र सम्पर्कस्थल | कार्यक्षेत्र गा.बि.स./नगरपालिका | लक्षित घरधुरी |
|---|---|---|---|
| १ | जगतीपुर | जगतीपुर, पुन्मा, भुर | ४०१५ |
| २ | खलङ्गा | खलङ्गा | १८४२ |

*श्रोत: जिल्ला कृषि विकास कार्यालय, जाजरकोट, २०७३*

### ५.४.४ युवा लक्षित तरकारी उत्पादन कार्यक्रममा संलग्न कृषकको विवरण

तालिका नं २९: युवा लक्षित तरकारी उत्पादन कार्यक्रममा संलग्न कृषकको विवरण

| कृषकको संख्या | ठेगाना |
|---|---|
| ३५ | भेरी नगरपालिकाका सबै वडाहरु |

*श्रोत: जिल्ला कृषि विकास कार्यालय, जाजरकोट २०७२*

### ५.४.५ बाली पात्रो

तालिका नं ३०: बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७१/०७२*

### ५.४.६ कृषि बजारीकरण

निर्वाहमुखी र परम्परागत कृषि प्रणलीमा कृषि बजारको विकास भैसकेको थिएन यद्यपी परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरणका विभिन्न ढाँचाहरु प्रचलनमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । नगरपालिकाका विभिन्न बजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ ।

यस भेरि नगरपालिकामा प्रमुख व्यापारीक केन्द्र जिल्ला सदरमुकाम रहेको खलङ्गा बजार हो । यहाँका अन्य व्यापारीक स्थानहरुमा मटेला बजार पनि एक हो । यहाँका मुख्य बजारहरुमा कारोबार हुने मुख्य वस्तुहरु भनेको जडीबुटी, राडी, उन, खाद्य, अन्नबाली, भाँडाकुँडा, माछा मासु, औषधि, कृषिऔजार, नुनतेल, आदि इत्यादि हुन् । करिब ६,२३९ घरधुरी यस बजारबाट प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् जुन तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ३१: बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र)

| सि. नं. | बजारको नाम | बजारले ढाकेको गा.वि.स. | लाभान्वित हुने घरधुरी | कारोबार हुने मुख्य सेवा तथा वस्तुहरु |
|---|---|---|---|---|
| १ | खलङ्गा बजार | खलङ्गा, पुन्मा, जगतीपुर | ४१५१ | जडीबुटी काठमा सामान,काठ राडी,उन,खाद्य, लत्ताकपडा, भाडाकुडा, नुनतेल, औषधि, कृषिऔजार |
| २ | मटेला बजार | जगतीपुर | १०७३ | अन्नबाली, मह, माछा, घ्यू, उन, खाद्य, लत्ताकपडा, भाडाकुडा, नुनतेल, औषधि, कृषिऔजार |
| ३ | बाहुनथाना | खलङ्गा | ४३५ | अन्नबाली, मह, माछा, , खाद्य, लत्ताकपडा, भाडाकुडा, नुनतेल, औषधि, |
| ४ | ढिमे पाँचकटिया | ढिमे, खलङ्गा | ५८० | अन्नबाली, मह, माछा, घ्यू , उन, खाद्य, लत्ताकपडा, औषधि, कृषिऔजार |
| | जम्मा | | ६२३९ | |

*श्रोत: जाजरकोट जिल्लाको वस्तुस्थिति विवरण*

### ५.४.७ कृषि पकेट क्षेत्रको बिबरण

तालिका नं ३२: कृषि पकेट क्षेत्रको विवरण

| क्र. सं. | पकेट क्षेत्रको विवरण | ठेगाना |
|---|---|---|
| १ | धान | जगतीपुर र खलङ्गा |
| २ | मकै | जगतीपुर र खलङ्गा |
| ३ | ताजा तरकारी | जगतीपुर र खलङ्गा |
| ४ | आलु | खलङ्गा |
| ५ | तोरी | खलङ्गा |
| ६ | बदाम | वडा नं. ४ स्थित भरचौर, बोहरा गाउँ |
| ७ | केरा | बोहरा गाउँ (वडा नं. ४), बुरुङ्गे गाउँ (वडा नं. ८), गिमा गाउँ (वडा नं. ८) |
| ८ | सुन्तला | नुवागाउँ (वडा नं. १०), जार्ज (वडा नं. ९) |
| ९ | मह उत्पादन | मैदे (वडा नं. १) |
| १० | भैंसी पालन | जगतीपुर, पुन्मा र खलङ्गा |
| ११ | बाख्रा पालन | भूर र खलङ्गा |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, जाजरकोट*

भेरी नगरपालिकामा कृषि पेशा अङ्गाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न जनशक्ति उच्च रहेको यस नगरपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे बाली, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ।

### ५.४.८ मौरीपालन

प्रमुख रुपमा वन जङ्गल तथा खेती गरिएको क्षेत्रफल उल्लेख्य भएको कारण यस नगरपालिकामा मौरीपालनको प्रशस्त संभावना रहेको देखिन्छ । स्थलगत सर्वेक्षणबाट प्राप्त नतिजा विश्लेषण गर्दा यस नगरपालिकामा मौरीपालनबाट यहाँका जनसमुदायले निकै लाभ लिइसकेका छन् । माहुरी पालनबाट भूर, जगतीपुर, खलङ्गा र पुन्माका बासीन्दाहरुको आय स्तर बढेको छ । माहुरी पालनबाट यस वर्ष रु ८,८९,८०० बराबरको उत्पादन भैसकेकोछ । यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ३३: मौरीपालन सम्बन्धि विवरण

| स्थानहरु | माहुरी | | | माहुरी पालनबाट उत्पादन (रु) |
|---|---|---|---|---|
| | स्थानीय घार | उन्नत घार | जम्मा | |
| भूर, जगतीपुर, खलङ्गा र पुन्मा | १३३२ | ४२ | १,३७४ | ८,८९,८०० |

*श्रोत:जिल्ला विकास समितिको कार्यालय,जाजरकोट, २०७३*

### ५.४.९ जग्गाको उर्वराशक्ति

नगरपालिकामा २२ प्रतिशत भूभाग खेतीयोग्य जमिनले ओगटेको छ । नगरपालिका क्षेत्रमा रहेकोबेसीं तथा समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

### ५.४.१० एग्रोभेट सम्बन्धि विवरण

यस नगरपालिकामा पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय पनि बढ्दै गएको पाइन्छ । औषधी व्यवसायी संघ जाजरकोटका अनुसार यस नगरपालिकामा २ वटा भेटेरिनरी औषधी पसलहरु संचालित छन् ।

## ५.५ सिंचाइ

यस भेरी नगरपालिका क्षेत्रमा रहेको नदी, ताल, खोलाको पानीलाई काठ, स्याउला र ढुङ्गाले कुलोमा पानी फर्काई परम्परागत तरिकाबाट संचालित कुलोहरू सिंचाइका आधारशिला हुन् । सिंचाइका प्रमुख श्रोतहरू स्थानीय साना खोलाहरू मात्रै हुन् । यी श्रोतहरू बाहेक नगरमा खेतीयोग्य जमिनमा सिंचाई गर्न पानीको श्रोत छैन । कृषिको लागि उर्वर माटो भएको र नगरमा ठूलो संख्यामा जनता कृषिमा नै निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रसस्त बृद्धि हुने देखिन्छ।

तालिका नं ३४: सिंचाईको विवरण

| सि. नं. | समूह सहकारीको नाम | ठेगाना | सिचाईको नाम |
|---|---|---|---|
| १ | पीपलचौतारी कृ.स. | जतगीपुर | सिमधारा सि.आ. |
| २ | लाली गुँरास कृ.स. | पुन्मा | दह खोला पाइप सि.आ. |
| ३ | सल्लेरी स्वबलम्बन कृ.स. | पुन्मा | गंज पोखरी सि.आ. |
| ४ | निर्माण कृ.स. | खलङ्गा | खहरे पाखा सि.आ. |
| ५ | पायाखेत तरकारी तथा फलफुलखेती कृ.स. | खलङ्गा | चिसापानी सि.आ. |
| ६ | जयलक्ष्मी कृषि सहकारी संस्था | जगतीपुर | पासागाड सि.आ. |
| ७ | भेरी तरकारी खेती कृ.स. | भुर | चुनपोल्ने सि.आ. |
| ८ | जनजागृती महिला कृ.स. | भुर | जुप्राखोला सि.आ. |
| ९ | एकीकृत कृषि तथा मौरीपालन कृ.स. | खलङ्गा | दुख स्प्रींकलार पाइप सि.आ. |
| १० | ज्यामिरे मौरिपालन कृ.स. | खलङ्गा | ज्यामिरे सि.आ. |
| ११ | नमुना सामुदायिक संस्था | खलङ्गा | नमुना प्लाष्टिक सि.आ. |
| १२ | जनजागरण बहुउद्देश्यीय स.सं. | जगतीपुर | बारेला सि.आ. |

*श्रोत: जिल्ला विकास समितिको कार्यलय, जाजरकोट, २०७३*

## ५.६ पशुपालन

नगरपालिकामा विशेषगरी गाई, भैंसी, बाख्रा यहाँका मुख्य घरपालुवा जनावर हुन । यी जनावरहरुको पालनले नगरपालिकाबासीहरुको जीविकोपार्जनमा सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन । त्यस्तै गरी भेटेनरी सेवा पनि नगरपालिकामा उपलब्ध रहेको छ । नगरपालिकामा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरु समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुऱ्याई रहेका छन्।

### ५.६.१ पशु नश्ल

नगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाख्रा, भेंडा आदि रहेका छन्। सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ। गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रातर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो

संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु यस क्षेत्रको समस्या हो। तसर्थ न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु उत्तम हुन्छ। तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ।

सारांशमा, विगतका वर्षहरुमा नगरपालिकाको पशुपालन क्षेत्र क्रमश वृद्धि हुँदै गैरहेको छ। जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ। तर यो परिमाणात्मक विकासको गति सुस्त छ।पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईँदैन। त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ। पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरू

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस नगरपालिका निकै बढी मात्रामा रहेको देखिन्छ। नगरपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धी र जुका पर्दछन्। नगरपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आयात र आवत जावत, दयनीय व्यवस्थापन, खोप लगाउनु पर्छ भन्ने चेतनाको कमी आदि मान्न सकिन्छ। यी रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुते, चरचरे विरुद्ध यस नगरपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाट्टफुट रुपमा देखिने गरेका छन्। नगरपालिकाका विभिन्न वडाहरूमास्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्यसंचालन गर्न सकेमा धेरै हदसम्म उल्लेखित रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन। तथापि यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ।

### ५.६.३ डेरी उद्योगको विवरण

यस नगरपालिकाको वडा नं. ३ स्थित साना डेरी पसल, वडा नं. १० स्थित नमुना डेरी पसल, वडा नं. १ स्थित साना डेरी पसलले स्थानीय स्तरमा उत्पादन हुने दूग्ध उत्पादनलाई किन बेच गर्ने गरेको पाइन्छ।

### ५.६.४ मासु बजारीकरण

भैसी, माहुरी पालन जस्तै कुखुरा तथा बाखा पालन व्यवसायमा समेत नगरपालिकाले ठूलो फड्को मारेको छ। यति हुँदा हुँदै पनि मासु उपार्जन तर्फ व्यवसायिकताको खाँचो रहेको छ । नगरपालिकाको हकमा यसका मुख्य दुईटा कारणहरु आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालनको प्रयोजन अव्यवसायिक हुनु रहेका छन् । उदाहरणको लागि यस नगरपालिकाको बाखाको मुख्य स्रोत यस नगरको वडा नं. १, २, ४, ८, ९ र १० भएकोले बिजुली, खानेपानी तथा बजार र सम्बन्धित अन्य सुविधाहरुको अभावले गर्दा बाखा पालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको छैन । त्यसैगरी बंगुर पालन तर्फ मासु उत्पादनको लागि नभई सुरक्षित र छिटो आम्दानी प्राप्त गर्नको लागि पाठापाठी बेच्ने परिपाटी विद्यमान रहेकाले बंगुरबाट समेत मासु उत्पादनमा उल्लेखनीय योगदान भएको पाईदैन ।

### ५.६.५ दाना उद्योग सम्बन्धी विवरण

पशुपंक्षी पालन तर्फ भएको व्यवसायिकताका विभिन्न प्रयासहरुसँगै विभिन्न आयामहरु थपिँदै जानु स्वभाविक हो किनकी व्यवसायिकताले गर्दा मुल्य श्रृङ्खला थपिँदै जान्छ । यसको फलस्वरुप नगरपालिकामा पशुपंक्षी दाना उद्योगहरु पनि स्थापना हुने क्रम जारी रहेको छ ।

## ५.७ पर्यटन

भेरी नगरपालिका पर्यटनको सम्भावना बोकेको नगर हो । नगर भित्र भएको पयर्टकीय तथा धार्मिक क्षेत्रको संवर्द्धन तथा प्रवर्द्धन गर्न सके पर्यटकलाई आकर्षण गर्न सकिन्छ । नगरमा भएको ऐतिहासिक खलङ्गा दरबारको प्राकृतिक, ऐतिहासिक तथा धार्मिक महत्व राख्ने स्थल एवं श्रोतहरुलाई पहिचान गरी उचित व्यवस्थापन गर्ने कार्यमा जोड दिन सकेमा पर्यटकलाई आकर्षित गर्न सकिन्छ। भेरी नदीमा ऱ्याफ्टिङ्ग सञ्चालन गर्न सकेमा पर्यटकहरु ऱ्याफिङ्गको मजा लिन आउने सम्भावना प्रबल रहेको छ । पर्यटनसम्बन्धी जाजरकोट जिल्लाको वास्तविकतालाई केलाउँदा वर्षभरिमा जिल्लामा कति पर्यटकहरु आउँछन् भन्ने स्पष्ट आँकडा छैन ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कारण नेपालको आकर्षक पर्यटन गन्तव्यहरुमध्ये भेरी नगरपालिकापनि एक महत्वपूर्ण स्थान रहेको पाइन्छ । भेरी नगरपालिकामा स्वदेशी पर्यटकहरुको आकर्षक बढी रहेको पाइन्छ ।

## ५.८ उद्योग

### ५.८.१ उद्योग व्यवसाय सम्बन्धी विवरण

तालिका नं ३५: २०७३ आषाढ मसान्तसम्म कायम रहेको उद्योगहरुको संख्यात्मक विवरण

| क.सं | व्यवसायको किसिम | पूजीगत लगानी (रु.) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५० हजार (संख्या) | १ लाख (संख्या) | २ लाख (संख्या) | ३ लाख (संख्या) | ४ लाख (संख्या) | ५ लाख (संख्या) | ६ लाख (संख्या) | ७ लाख (संख्या) | १० लाख र सो भन्दा माथि |
| १ | खाद्य, किराना | १ | ५५ | ३ | ६९ | ० | १ | ० | ० | ० |
| २ | कपडा तथा फेन्सी | ० | १४ | २ | ५४ | ० | २ | ० | १ | १ |
| ३ | इलेक्ट्रोनिक एण्ड इलेक्टीकल | ० | ५ | २ | १५ | ० | १ | ० | ० | १ |
| ४ | स्टेश्नरी | ० | ३ | ० | २० | ० | २ | ० | ० | ० |
| ५ | किराना फलफुल तथा तरकारी | ० | २ | ० | ७ | ० | १ | ० | ० | ० |
| ६ | मासु व्यवसायी | ० | १ | ० | ४ | ० | ० | ० | ० | ० |
| ७ | मदिरा तथा कोल्ड स्टोर | ० | १९ | ३ | २५ | ० | ० | ० | ० | ० |
| ८ | कम्प्यूटर नेट, इन्टरनेट फोटोकपी | ० | २ | ० | ४ | ० | ० | ० | ० | ० |
| ९ | निर्माण व्यवसायी सप्लायर्स | ० | ० | ० | ६४ | ० | १ | ० | ० | ० |
| १० | फर्निचर उद्योग | ० | १ | ० | २ | ० | ० | १ | ० | ० |
| ११ | प्रेस तथा छापाखाना | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० |
| १२ | टेलर्स | ० | १ | ० | ५ | ० | ० | ० | ० | ० |
| १३ | एग्रोभेट | ० | १ | ० | १ | ० | ० | ० | ० | ० |
| १४ | हार्डवयर | ० | २ | ० | ६ | ० | ३ | ० | ० | ० |
| १५ | विविध | ० | ४ | ० | ८ | ० | १ | ० | ० | १ |
| १६ | सुन, चादी | ० | ० | १ | १ | ० | ३ | ० | ० | ० |

*स्रोत: घरेलु तथा साना उद्योग कार्यालय, भेरी, जाजरकोट २०७३*

यस भेरी नगरपालिकामा १६ भन्दा बढि उद्योगहरु सञ्चालनमा आएका छन् । जसमध्ये ३ लाख पूर्जीमा सञ्चालनमाआऐका उद्योगहरु प्रसस्त रहेका छन् जसमा खाद्य, किराना कपडा तथा फेन्सी र निर्माण व्यवसायी सप्लायर्समा बढि लगानी गरेको देखाइएको छ भने त्यसपछि इलेक्ट्रोनिक एण्ड इलेक्ट्रिकल, स्टेस्नरी तथा मदिरामा पनिलगानी बढि भएको देखाइएको छ जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ३६: व्यापार व्यावसायको विवरण

| क्र.सं. | लघु उद्योगको सिसिम | संख्या |
|---|---|---|
| १ | खाद्य तथा किराना स्टोर्स | ६२ |
| २ | कपडा तथा फेन्सी | ४३ |
| ३ | इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल्स | १८ |
| ४ | स्टेशनरी तथा पुस्तक पसल | १५ |
| ५. | किराना तथा फलफूल | १० |
| ६. | मासु पसल | ५ |
| ७. | होटल तथा लज | २१ |
| ८. | मदिरा तथा कोल्ड स्टोर्स | २९ |
| ९. | कम्प्युटर तथा इन्टरनेट सर्भिस | ६ |
| १०. | निर्माण व्यावसायी सप्लायर्स | ५९ |
| ११. | फर्निचर | ४ |
| १२. | छापाखाना | ३ |
| १३. | टेलर्स | ६ |
| १४. | एग्रोभेट | २ |
| १५. | हार्डवयेर | १० |
| १६. | सुन चाँदी पसल | ५ |
| १७. | विविध | १३ |
| | जम्मा | ३११ |

*श्रोत: जाजरकोट उद्योग बाणिज्य संघ, खलङ्गा, २०७३*

यस भेरी नगरपालिका क्षेत्रमा सञ्चालनमा भएका र जाजरकोट उद्योग बाणिज्य संघमा दर्ता भएको विभिन्न उद्योगहरुको संख्या ३११ पुगेको देखिन्छ। जसमध्ये सबैभन्दा धेरै मात्रामा खाद्य तथा किराना स्टोर रहेका छन् भने दोस्रोमा निर्माण व्यावसायी सप्लार्यस रहेका छन्। सबै भन्दा कम भएको एग्रोभेट (२ ओटा) छ भने छापाखाना पनि ज्यादै न्यून रहेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

## ५.९ व्यापार तथा उद्योगको विवरण

यस नगरपालिकामार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँका स्थानिय बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, भेरी नगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका

अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ।

भेरी नगरपालिकाका अधिकांश बासिन्दाहरु कृषि पेशामा आवद्ध भएका छन् । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् । बाँसबाट वन्ने सामाग्री उत्पादन उधोग, बेदबाँस उद्योग, सिलाई कटाई उद्योग, ढाका र तान उद्योग, दुना टपरी उद्योग), समिल तथा फर्निचर उद्योग, कसेर उद्योग, इट्टा उद्योग, ग्रिल उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस नगरपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरु हुन् । त्यसैगरी साप्ताहिक रुपमा लाग्ने भेरी नगरपालिकामा विभिन्न बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।

## ५.१० थोक तथा खुद्रा व्यापार

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला पश्चिमाञ्चल तथा तराईका अन्य जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ।

### ५.१०.१ निकासी पैठारी स्थिति

नगरपालिकाबाट बाहिर निकासी हुने बस्तुहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, इन्धन, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

### ५.१०.२ ढुवानी तथा भण्डार व्यवस्था

नगरपालिकाभित्र उत्पादित मालसामानहरू नगरपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा, ट्रक, ट्याक्टर, रिक्सा, ठेला आदि रहेका छन्। नगरपालिकाको पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण विशेषत वर्षातको समयमा आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरुपमा रहेको छ। नगरपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ ।

नगरपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा ठूलो परीमाणमा संकलन गरी विक्री गर्ने गर्दछन। नगरपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.१०.३ स्थानीय उत्पादनहरुले बाह्रय उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूले अन्य नगरपालिका तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सूचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट नगरपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस नगरपालिका लागिपरेको छ। नगरपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र नगरपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

### ५.१०.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

नगरपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उच्चतम उपयोग भएको पाइदैन । व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य नगरपालिकाहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

#### क) कृषि जन्य पदार्थ

नगरपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगरपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

#### ख) बनजन्य

वन जंगलमा आधारित कच्चा मालमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरु नगरपालिकाका साथै अन्य छिमेकी जिल्लाहरुबाट आयात गर्ने गरेको पाइन्छ। नगरपालिकामा उत्पादीत बाँसको प्रयोग उद्योगको रुपमा भएको पाईंदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्यधिकरुपमा प्रयोग गरेको पाइन्छ।

### ५.१०.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

- ✓ कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगरपालिका तथा छिमेकी जिल्लाहरुको बजारको रुपमा सेवा समेत पुऱ्याइरहेका छन्।
- ✓ इटा, क्रसर, ग्रिल, काष्ठ सम्बन्धि उद्योगहरू स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि नगरपालिका तथा जिल्लाहरुको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ।

## ५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू

नगरपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस नगरपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त संभावनाहरू रहेको छ।

नगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सुरक्षित र अनुकुल स्थानको जोहो गर्न सकिनेछ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

नगरपालिकामा भएका तालतलैयाहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

नगरपालिकामा ओगटेका वन क्षेत्रहरु सालको वन, तराई हाइउड, खयर, सियौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ । कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, नजिकको अन्तर्राष्ट्रिय सीमा नाका तथा सुदूर पश्चिमको आकर्षणको केन्द्र यही भेरीरहेको हुँदा नगरपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ।

नगरपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

नगरपालिकाको नजिकमा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । नगरपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ।

नगरपालिका लगायत देशमै बेरोजगारी समस्या एक चुनौती रहेकोले यस नगरपालिका समेत यसबाट प्रभावित छ साथै सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा नगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ।

## ५.१२ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

नगरपालिकाको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो नगरपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको क्रमिक विकास तथा उद्योग स्थापनाको सम्भावना साथै नगरपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१३ बैंकको विवरण

नगरमा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक नगरमा संचालित अन्य वित्तिय संस्थाहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् । नगरमा संचालित ४ वटा बैंक तथा वित्तिय संस्थाहरुको विवरण निम्न बमोजिम रहेको छ ।

तालिका नं ३७: बैंकहरुको विवरण

| क्र.सं | बैंकको नाम | संख्या |
|---|---|---|
| १. | नेपाल बैंक लिमिटेड | १ |
| २. | सिटिजन्स इन्टरनेशनल बैंक लि. | १ |
| ३. | लक्ष्मी बैंक लिमिटेड | १ |
| ४. | ज्योति विकास बैंक लि. | १ |

*स्रोत : जिल्ला समन्वय समिती, २०७३*

## ५.१४ सहकारी संस्थाको विवरण

नगरपालिकाको आर्थिक तथा सामीजक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।

तालिका नं ३८: सहकारी संस्थाको नामावली

| क्र. सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| १ | हिमालीवचत तथा ऋण सहकारी संस्था लि. | खलङ्गा |
| २ | काफलचौर वचत तथा ऋण सहकारी संस्था लि.. | पून्मा |
| ३ | भेरीमहिला वचत तथा ऋण सहकारी संस्था लि. | जगतीपुर |
| ४ | प्रगतीशिल बहुउद्दश्यीय सहकारी संस्था लि. | भुर |


*स्रोत: जिल्ला समन्वय समिति, जाजरकोट*

नगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, उपभोक्ता, विद्युत, तरकारी तथा फलफूल, आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ।

## ५.१५ संघ संस्था तथा विभिन्न समूहहरू

यस नगरपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरु क्रमश नगरपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन् ।

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार




नक्सा नं. १४: नगरपालिकामा रहेको सडक सञ्जाल

## ६.१ सडक तथा यातायात

### (क) यातायात सेवा

सुर्खेत जिल्लाको छिन्चुदेखि जाजरकोट खलङ्गा बजारसम्म १०७ किलोमिटर कालोपत्रे सडक छ। जसले जाजरकोटको सदरमुकाम स्थित भेरी नगरपालिकाको केन्द्र खलङ्गादेखि देशका विभिन्न स्थानमा लामो दुरीमा यात्रा गर्न सजिलो बनाएको छ । भेरी नगरपालिकादेखि नेपालगञ्जसम्म दैनिक यातायात सञ्चालनमा रहेको छ । जाजरकोट-काठमाडौंको डिलक्स बस सेवा पनि सञ्चालनमा रहेको छ। यो राजमार्गले नगरपालिकाको वडा नं. ४, ५, १०, ११, १२ र १३ लाई छोएर गएको छ। खलङ्गादेखि डोल्पा जाने सडकले नगरपालिकाको वडा नं. १, ३ र ४ लाई छोएर गएको छ। त्यस्तै निमार्णाधीन मध्यपहाडी लोकमार्गले यस भेरी नगरपालिकाका भुरचौर, कुदु हुँदै वडा नं. ८, ९, १०, ११, १२ र १३ गरी ६ ओटा वडाहरुलाई छोएर गएको छ। नगरपालिकाको खलङ्गादेखि जुम्लाजाने सडकले वडा नं. २ र ४ भएर गएको छ । यति हुँदाहुँदै पनि नगरपालिका उच्च पहाडी भूभागमा अवस्थित भएको कारण नगरपालिकाका सबै वडाहरूमा सडक सञ्जाल विस्तार हुन सकेको छैन । भएका सडकहरू नगरपालिकाको खेती योग्य जमिनमा सिंचाइको व्यवस्था राम्रो भएकोले खाद्यान्न, कपास, ऊखु, परवल, आलु, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा नगरपालिकाका सबै वडाहरुमा सडकको सुविधा सजिलो नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पु¥याउन गाह्रो परेको देखिन्छ। नगरपालिकाका सबै वडाहरुमा सडकको विस्तार सन्तोषजनक नभएकोले गाउँबासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पु¥याउन निक्कै नै अप्ठ्यारो भएको देखिन्छ। नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरपालिकामा ट्याक्टर, जीप, मोटरसाइकल, साइकलको समेत उपयोग गरिएको देखिन्छ। नगरपालिकाका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ।

सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ। यस नगरपालिकामा यातायातको साधनको रुपमा जिप प्रयोग भएको देखिन्छ । बाटो सानो तथा कच्ची भएकाले सवारी साधनको रुपमा जिप नै यहाँको प्रमुख यातायातको साधनको रुपमा देखिएको छ। दिगो पर्यटन विकासका लागि नियमित सवारी साधनको पहुँच र सडक विस्तारको महत्वपूर्ण भूमिका रहन्छ। अत: नगरपालिकाको सर्वाङ्गीण विकास एवं दिगो पर्यटन प्रवर्द्धनका लागि बाटोघाटो र यातायातको समुचित विकासका लागि जोड दिनु पर्ने आवश्यकता छ।

### (ख) आ.व. २०७३/७४ मा नगरमा सञ्चालित प्रमुख आयोजनाको विवरण

| | | |
|---|---|---|
| पुरानो मालपोतदेखी राधाकृष्ण टोल हुदै ठाँटी सम्म सडक निर्माण | ५००००० | भे.नगरपालिका४ जा |
| शान्तीचौतारादेखी कृष्ण प्रसाद भट्टराइको घरसम्म सडक निर्माणा योजना | ५००००० | भे.नगरपालिका४ जा. |
| नयाँ सडकदेखी वागलुङ होटेल सम्म सडक निर्माण योजना | ५००००० | भे.नगरपालिका३ जा. |
| मुलपानी प्लाष्टिक पोखरी  निर्माण योजना | ७७००० | भे.नगरपालिका४ जा. |
| मुलपानी खानेपानी निर्माण योजना | ५००००० | भे.नगरपालिका४ जा. |
| राममन्दिर देखी भेलाले सम्म सडक निर्माण | ३६९००० | भे.नगरपालिका४ जा. |
| नेटावजार पाखेदह  हुदैरानागाँउ भेरी प्रा. वि. सम्म सडक निर्माण | ५००००० | भे.नगरपालिका६ जा. |
| नेपाल रेडक्रस सोसाईटी भवन मर्मत | ५००००० | भे.नगरपालिका७ जा. |
| सयुक्त वडा कार्यलयबाट धुल्यौटा हुदै महतारागाँउ शान्तिचौर सडक निर्माण | ५००००० | भे.नगरपालिका११ जा. |
| बाघखोर सालचौर भनारीगाँउ भारतीगाँउ सडक निर्माण | ५००००० | भे.न.पा.१२ जा. |
| रातापोखरा धाइरा चापाटाहुदै बाघखोर मध्येपहाडी सम्म सडक निमांण | ५००००० | भे.न.पा.१२ जा. |
| ब्रहमैखम्बा देखि ने.रा.नि.मा.वि. पौरी सडक निर्माण | ५००००० | भे.न.पा. ९ जा. |
| झालहाल्न देखि वुरुङगे हुदै काफलचौर कृर्षि सडक निर्माण | ५००००० | भे.न.पा. ८ जा. |
| तल्लो स्याला आपटुराटोल खा.पा. निर्माण यो. | ५००००० | भे.न.पा. ८ जा. |
| प्रगतिशिल महिला सहकारी शौचालय निर्माण योजना | ७५००० | भे.न.पा. ९ जा. |
| मध्येपहाडी देखि इलाका स्वास्थ्यचौकी हुदै ने.रा.नि.मा.वि.सम्म सडक निर्माण | ५००००० | भे.न.पा. ९ जा. |
| बाघखोर देखि दह पटवानी भुर हुदै घोरनेटा सम्म सडक निर्मान | ५००००० | भे.न.पा. १० जा. |
| काफचौर सहन गंगाटिया स्वास्थय चौकी हुदै मेलटाकुरी सडक निर्माण | ५००००० | भे.न.पा.५ जा. |
| सल्ली टाकुरा देखि तिमिले खर्क सिचाई योजना | ७८४०० | भे.न.पा.५ जा. |
| सुर्य ज्योति प्रा.वि. कम्पाउणड वाल निर्माण | ५००००० | भे.न.पा. ९ जा. |
| भाकाखेत कुलो सिचांई योजना | ३००००० | भे.न.पा.३ जा. |
| जोगिढुङगा कल्लाबरी सिचाई कुलो निर्माण | ५००००० | भे.न.पा.६ जा. |
| चिन्ने खोली जन्तिचौर प्लाष्टिक पोखरी निर्माण | ५००००० | भे.न.पा.७ जा. |
| साँधे खोला चापाटा हुदै धाईरा विष्नेचौर खानेपानी योजना निर्माण | ५००००० | भे.न.पा.१२ जा. |
| वरपिपल देखि माईकादर्का सम्म घोरेटोबाटो निर्माण | २००००० | भे.न.पा.१३ जा. |
| बराहचौर वडावालुवा भेरी सम्म सडक निर्माण | ५००००० | भे.न.पा.१३ जा. |
| पिपलडाँडा सिमलगैरी खानेपानी पन: मर्मत | ५००००० | भे.न.पा.३ जा. |
| कालिका नि.मा.वि. डिंगा फिल्ड तथा भवन निर्माण | ५००००० | भे.न.पा.२ जा. |
| रिम्न खानेपानी मर्मत | ५००००० | भे.न.पा.१ जा. |
| सूर्योदय प्रा. वि. घ्युालनेटा शौचालय निर्माण | ६८००० | भे.न.पा.१ जा. |

| | | |
|---|---|---|
| गैरीखालीदेखी वि.पि. वाटिका सम्म सडक निर्माण | ५००००० | भे.न.पा.४ जा. |
| ठाँटीबाट पाईलेढुङ्गा हुदै थाप्लेचौ सम्म सडक स्तर उन्नती | ५००००० | भे.न.पा.३ जा. |
| पोखरागाँदेखि भेरेखर्क सम्म सडक निर्माण | ५००००० | भे.न.पा.२ जा. |
| पहिरो रोकथाम योजना (तटबन्ध नियन्त्रण | ५०००० | भे.न.पा.४ जा. |
| ठाँटी देखि कल्यानपुर सम्म गोरेटोवाटो मर्मत | १२८००० | भे.न.पा.३ जा. |
| होलुखोला फलबारी विद्युत कुलो मर्मत | २००००० | भे.न.पा.१ जा. |
| रोलखोला देखि आली रावतगाउँ बाहुनीचौर सम्म खा.पा.यो. | ५००००० | भे.न.पा. १० जा. |
| भैरब नि.मा.वि. भुचौर घेरावार | ६०००० | भे.न.पा. १० जा. |
| मध्येपहाडी देखि कृषि विउ संकलन केन्द्र सम्म सडक निर्माण | ५००००० | भे.न.पा. ९ जा. |
| धाराखोला खा.पा.मर्मत योजना | २००००० | भे.न.पा. ९ जा. |
| मेलटाकुरी दोकाना हुदै सरस्वती मा.वि. मिथेङग्रा नेटाबजार सडक निर्माण | ७१७००० | भे.न.पा.७ जा. |
| ठाँटीबाट जिल्ला अदालत हुदै हनुमान प्रा. वि. कवडहल सम्म सडक निर्माण | ५००००० | भे.न.पा.३ जा. |
| गारराङसी देखि तिमिले बस्ती सम्म सडक निर्माण | ५००००० | भे.न.पा.२ जा. |
| आरुखेत भित्रखुला साउनेपानी भुने हुदै डौरीकाँडा सम्म सडक निर्माण | ५००००० | भे.न.पा.२ जा. |
| बौंद्ध चमेरे गुफा मर्मत योजना | २८८००० | भे.न.पा.१ जा. |
| त्रिवेणी गुफा मर्मत योजना | २८८००० | भे.न.पा.१ जा. |
| छिन्चु जाजरकोट सडक देखि भेरीनदि झोपु सम्म सडक निर्माण | ५००००० | भे.न.पा.१३ जा. |
| मटेला देखि लामितरा सिंचाइ आयोजना | ७७००० | भे.न.पा.११ जा. |
| तल्ली बाहुन गाँउ खा.पा.योजना | ५००००० | भे.न.पा.११ जा. |
| ओखलपानी ठाडोबाटो ठुलिचारु हुदै मछाईना सम्म सडक निर्माण | ५००००० | भे.न.पा.६ जा. |
| अटेला देखि ज्ञानकुञ्ज प्रा.वि. सम्म खा.पा. निर्माण | १००००० | भे.न.पा. ८ जा. |
| लिस्नेगैरी तल्लो राउटरिया सि.यो. | ५००००० | भे.न.पा. ८ जा. |
| तुसारखोली देखि स्वास्थ्यचौकी बाहुन्थाना सम्म खा.पा. निमांण | ७०००० | भे.न.पा.२ जा. |
| शिवालय देखि घाट सम्म बाटो मर्मत | १००००० | भे.न.पा.१ जा. |
| माथि बाहुन गाँउ खा.पा.योजना | ४५२००० | भे.न.पा.११ जा. |
| दहखोलि निगालेनि लेखटोल डावटोल खा.पा. योजना | ५००००० | भे.न.पा.५ जा. |
| बृहत खानेपानी योजना | ४०००००० | भे.न.पा.२ जा. |
| कुस्तरा लिफ्ट सिचाई योजना | ३४९७८४० | भे.न.पा. १३ जा. |
| बसपार्क निर्माण योजना | ४१५०००० | भे.न.पा. ३ जा. |
| भुर स्याउली सडक कालोपत्रे योजना | ९२१६००० | भे.न.पा. १० जा. |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७४*

## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रमा बढ्दै गएको छ ।  भेरी नगरपालिकामा एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन् । नगरपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध छ । नगरपालिकामा NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् ।

तालिका नं ३९: सञ्चारका सुविधा भएका परिवार संख्या

| स्थान | सञ्चारका सुबिधा भएका परिवार संख्या | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रेडियो | | टि.भी | | टेलिफोन | | कम्प्युटर | | ईमेल | | अन्य | |
| | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| भूर | ८५६ | ८६.५ | २ | ०।२ | ३७ | ३.७ | ० | ०.० | ० | ०.० | ० | ०.० |
| जगतीपुर | ९०० | ८३.९ | ५ | ०.५ | ८१ | ७.५ | १ | ०.१ | १ | ०.१ | ० | ०.० |
| खलङ्गा | १६८९ | ९२.६ | २२२ | १२.२ | ६३७ | ३४.९ | ३२ | १.८ | ८ | ०.४ | १ | ०.१ |
| पुन्मा | १०८८ | ८६.८ | ५ | ०.४ | १ | ०.१ | ० | ०.० | १ | ०.१ | ० | ०.० |

*श्रोत: जिल्ला विकास समिति जाजरकोट, २०७३*

### ६.२.१ पत्रपत्रिका, एफ.एम. रेडियोहरू तथा टेलिभिजन

नगरपाकिामा हाल युग आह्वान दैनिक, ठाकुरजी टाइम्स साप्ताहिक, खलङ्गा दर्पण साप्ताहिक गरी ३ ओटा पत्रपत्रिका प्रकाशन हुने गरेका छन् । यातायात सुविधा पुगेका अधिकांश स्थानमा राष्ट्रियस्तरका पत्रपत्रिका पनि पुगेको पाइन्छ । त्यस्तै स्थानीय स्तरमा खलङ्गा एफ.एम., हाम्रो पाइला एफ.एम., जाजरकोट एफ.एम. प्रशारण रहेको पाइन्छ भने अन्य जिल्ला तथा काठमाडौँबाट प्रशारण हुने अन्य एफ.एम. रेडियोहरू पनि नगरका विभिन्न भागमा सुन्न सकिन्छ । त्यस्तै डिसहोम डिटिएच, तथा केवल नेटवर्कका माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रशारणका टेलिभिजन च्यानल हेर्न सकिन्छ ।

### ६.२.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाका विभिन्न वडाहरूमा ल्याण्डलाइन, जिएसएम, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले सेवा उपलब्ध गराएको देखिन्छ। नेपाल टेलिकमको ल्याण्डलाईन जडान गर्ने उपभोक्ताको संख्या ३५८ पुगेको देखिन्छ भने ADSL मार्फत इन्टरनेट प्रणालीमा जोडिने ग्राहकको संख्या १४४ रहेको छ । त्यस्तै लिज लाईन सेवा ६ स्थानमा जडान भएको पाइन्छ । एडिएसएल बाहेक इन्टरनेट सेवाको लागि जिएसएम मोबाइलबाट डाटा प्रयोग गर्ने ग्राहकको

संख्या धेरै रहेको छ । इन्टरनेट सेवा प्रदायक कम्पनी लुम्बिनी नेटले पनि नगरका विभिन्न भागमा इन्टरनेट सेवा प्रदान गर्दै आइरहेको छ । ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.३ हुलाक सेवा

नगरपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन् । हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने भेरीदेखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ । यसैगरी नगरपालिकामा साझा कुरियार, बी.एन.सी कुरियार, कोर्टियर कुरियर, वर्ल्डवाइड कुरियर, सुपर काइनेटिक कुरियर, सहारा कुरियर, कन्ट्याक कुरियर पनि संचालित छन् ।

तालिका नं ४०: हुलाक सेवाको स्थिति

| क्र.सं. | हुलाकको किसिम र सेवा | संख्या | रहेको स्थान | उपलब्ध सेवा तथा सुबिधाहरु |
|---|---|---|---|---|
| १ | जिल्ला हुलाक कार्यालय | १ | खलङ्गा | धनादेश सेवा (दर्ता तथा भुक्तानी),बचत बैंक -निक्षेप संकलन र लगानी) |
| २ | अतिरिक्त हुलाक कार्यालयहरु | ४ | सबै वडाहरुमा | चिठ्ठपत्र र पार्सल आदन प्रदान, बचत बै.क, पत्रपत्रिको दर्ता र वितरण |

*स्रोत: जिल्ला हुलाक कार्यलय, २०७३*

## ६.३ विद्युत


### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजाअनुसार दैनिक सोलार बाल्न प्रयोग गरिने इन्धनमाविद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ । नगरपालिकामा बत्ती बाल्न सोलारप्रयोग गर्नेको घरधुरी संख्या २,५७० (३९ प्रतिशत) रहेको छ । त्यस्तै नगरपालिकाका कुल घरधुरीको ८.५४प्रतिशत अर्थात् ५६३ घरधुरीले बिजुली, १०६ (१.६१ प्रतिशत) ले मट्टितेलर ५(०.०८ प्रतिशत) घरधुरीले मात्रामा गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ । त्यस्तै वडागतरुपमा सबैभन्दा बढी सोलारप्रयोग गर्ने वडा नं. २ रहेको देखिन्छ । जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं ४१: बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ५ | ० | ४२९ | २०७ | ३ | ६४५ |
| २ | ३ | ९ | १ | ५०८ | ३७३ | २ | ८९६ |
| ३ | ३२० | ४ | ० | ४५ | ५१ | २ | ४२२ |
| ४ | २२१ | १३ | १ | १६० | १६४ | १ | ५६० |
| ५ | १ | २ | ० | १५३ | २५८ | १ | ४१५ |
| ६ | ० | ० | १ | १४४ | ३५६ | ५ | ५०६ |
| ७ | २ | १२ | ० | २०६ | ३५२ | २ | ५७४ |
| ८ | ० | ५ | ० | १२२ | २५२ | ० | ३७९ |
| ९ | ० | १ | ० | १२० | २१५ | १ | ३३७ |
| १० | २ | १ | ० | १४२ | २७० | ० | ४१५ |
| ११ | ११ | ४ | १ | २२१ | ३५९ | ० | ५९६ |
| १२ | ० | ० | ० | १२३ | ३३६ | २ | ४६१ |
| १३ | २ | ५० | १ | १९७ | १३४ | ० | ३८४ |
| जम्मा | ५६३ | १०६ | ५ | २,५७० | ३,३२७ | १९ | ६,५९० |
| प्रतिशत | ८.५४ | १.६१ | ०.०८ | ३९.०० | ५०.४९ | ०.२९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




### ६.३.२ नगरपालिकामा सञ्चालित लघुविद्युत आयोजनाहरूको विवरण

नगरपालिका क्षेत्रमा बग्ने खोलाहरु मध्ये ४ ओटा खोलाबाट ९ ओटा लघु विद्युत आयोजना सञ्चालनमा रहेका छन् । खलङ्गासम्म राष्ट्रिय प्रशारण विस्तार भइनसकेकोले यी लघु विद्युत आयोजनाहरूबाट उत्पादित विद्युत नै नगरक्षेत्रमा वितरित गरिएको छ । नगरमा सञ्चालित लघुविद्युत आयोजनाहरूको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं ४२: नगरपालिकामा सञ्चालित लघु जलविद्युत आयोजनाहरूको विवरण

| सि.नं. | आयोजनाको नाम | ठेगाना |
|---|---|---|
| १. | साङ्टा लघु जलविद्युत आयोजना | वडा नं. २ |
| २. | पिपेखोला लघु जलविद्युत आयोजना | वडा नं. १ |
| ३. | रिम्ना लघु जलविद्युत आयोजना | वडा नं. १ |
| ४. | कुटी ओखेना पिको लघु जलविद्युत आयोजना | वडा नं. २ |
| ५. | लहरेखोला लघु जलविद्युत आयोजना | वडा नं. २ |
| ६. | होलुखोला लघु जलविद्युत आयोजना | वडा नं. १ |
| ७. | गङ्गटिया लघु जलविद्युत आयोजना | वडा नं. ६ |
| ८. | राम्रीखोला लघु जलविद्युत आयोजना (निर्माणाधीन) | वडा नं. ६ |
| ९. | ओखटे गौडा लघु जलविद्युत आयोजना (निर्माणाधीन) | वडा नं. ८ |

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७४*

### ६.३.३ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण


तालिका नं ४३: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६४२ | ० | ० | ० | ० | ० | ० | ३ | ६४५ |
| २ | ८९४ | ० | ० | ० | ० | ० | ० | २ | ८९६ |
| ३ | ४०० | ० | २० | ० | ० | ० | ० | २ | ४२२ |
| ४ | ५१६ | २ | ३९ | ० | २ | ० | ० | १ | ५६० |
| ५ | ४१४ | ० | ० | ० | ० | ० | ० | १ | ४१५ |
| ६ | ५०० | ० | ० | ० | ० | ० | १ | ५ | ५०६ |
| ७ | ५६२ | ० | १ | ५ | ४ | ० | ० | २ | ५७४ |
| ८ | ३७९ | ० | ० | ० | ० | ० | ० | ० | ३७९ |
| ९ | ३३६ | ० | ० | ० | ० | ० | ० | १ | ३३७ |
| १० | ४१५ | ० | ० | ० | ० | ० | ० | ० | ४१५ |
| ११ | ५९० | ० | ० | ६ | ० | ० | ० | ० | ५९६ |
| १२ | ४५४ | ० | ० | ४ | १ | ० | ० | २ | ४६१ |
| १३ | ३८२ | ० | ० | १ | ० | १ | ० | ० | ३८४ |
| जम्मा | ६,४८४ | २ | ६० | १६ | ७ | १ | १ | १९ | ६,५९० |
| प्रतिशत | ९८.३९ | ०.०३ | ०.९१ | ०.२४ | ०.११ | ०.०२ | ०.०२ | ०.२९ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

२०६८ को राष्ट्रिय जनगणनाअनुसार भेरी नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ६,४८४ (९८.३९ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा एल.पी ग्यासप्रयोग गर्ने घरधुरी संख्या ६० (०.९१ प्रतिशत), कुईठा/ठोरहाप्रयोग गर्ने घरधुरी संख्या १६ (०.२४ प्रतिशत) रहेका छन् भने मटीतेल प्रयोग गर्ने घरधुरी सबैभन्दा कम २ (०.०३ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा सबैभन्दा बढी काठ तथा दाउरा प्रयोग गर्ने वडा नं. २ मा ८९४ घरधुरी संख्या रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

वैकल्पिक उर्जाको वर्तमान स्थिति र जनताको यस क्षेत्र प्रतिको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ । गोबरग्याँसको लागि उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै जनताको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ  भेरी नगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा  नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिशूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस नगरपालिकामा आ.व. २०७२/०७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार नगरपालिकामा सामुदायिक प्राथमिक विद्यालय ३१ वटा र निजी २ वटा छन् भने सामुदायिक निम्नमाध्यामीक विद्यालय ५ वटा रहेका छन् । माध्यमिक सामुदायिक विद्यालय ६ वटा रहेका छन् । जिल्लाका अन्य नगरपालिकाजस्तै यस नगरपालिकामा पनि प्राविधिक शिक्षामा धेरै नै पछाडि पेरेको देखिन्छ र भविष्यमा धेरै सुधार ल्याउनुपर्ने देखिन्छ ।

## ७.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा भेरी नगरपालिकायस  जाजरकोट जिल्लाका अन्य नगरपालिकाको तुलनामा पछाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ५७.९२प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र भैं धेरै विभेद रहेको पाईन्छ। जस्तै: यस नगरपालिकाको पुरुषको साक्षरता दर ७३.९२ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५७.९२ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग १५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## तालिका नं ४४: साक्षरता दर

| | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ८८४ | ७१५ | २८ | ३१ | ४३५ | ६२१ | १ | ० | १,३४८ | १,३६७ | २,७१५ |
| २ | १३२९ | ९७० | १६ | ३० | ७०० | ९६१ | ० | ० | २,०४५ | १,९६१ | ४,००६ |
| ३ | ७९८ | ६४३ | २२ | ३३ | ६० | १७७ | ० | ० | ८८० | ८५३ | १,७३३ |
| ४ | ८८४ | ७८६ | १३ | ३० | ८६ | २९४ | ० | ० | ९८३ | १,११० | २,०९३ |
| ५ | ६०५ | ४५५ | ९ | १५ | २६३ | ४२३ | ३ | ३ | ८८० | ८९६ | १,७७६ |
| ६ | ७५४ | ६५३ | २२ | ३९ | २६३ | ४०५ | ० | ० | १,०३९ | १,०९७ | २,१३६ |
| ७ | १०२३ | ८४६ | ४९ | ३६ | २८४ | ४५१ | १ | ३ | १,३५७ | १,३३६ | २,६९३ |
| ८ | ५२५ | ४७० | ११ | ९ | २५० | ४०९ | १ | ० | ७८७ | ८८८ | १,६७५ |
| ९ | ४५१ | ३४१ | ६१ | ६० | २९५ | ४१६ | ० | ० | ८०७ | ८१७ | १,६२४ |
| १० | ५३८ | ४०९ | ७१ | ६९ | २९१ | ४५० | ० | ० | ९०० | ९२८ | १,८२८ |
| ११ | ७९५ | ६४० | ८ | १७ | ४२३ | ६९७ | ० | ० | १,२२६ | १,३५४ | २,५८० |
| १२ | ४९८ | ३९१ | २१ | २९ | ३७२ | ५९० | ० | ० | ८९१ | १,०१० | १,९०१ |
| १३ | ५१४ | ५२७ | ११ | १५ | १४५ | ३३३ | ० | ० | ६७० | ८७५ | १,५४५ |
| जम्मा | ९,५९८ | ७,८४६ | ३४२ | ४१३ | ३,८६७ | ६,२२७ | ६ | ६ | १३,८१३ | १४,४९२ | २८,३०५ |
| प्रतिशत | ६९.४९ | ५४.१४ | २.४८ | २.८५ | २८.०० | ४२.९७ | ०.०४ | ०.०४ | १००.०० | १००.०० | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

भेरी नगरपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. ३ मा ८३.१५ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ९०.६८ प्रतिशत र महिला साक्षरता दर ७५.३८ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वार्ड नं. १२ मा रहेको छ। जसमा कुल साक्षरता दर ४६.७६ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ५५.८९ प्रतिशत र महिला साक्षरता दर ३८.७१ प्रतिशत रहेको छ। माथिको तथ्याङ्कलाई हेर्दा यस भेरी नगरपालिकाशैक्षिक हिसाबमा देशको मध्यम स्थानमा नै रहेको देखिन्छ।




## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

तालिका नं ४५: शैक्षिक जनशक्तिको विवरण

| | स्कुल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ६२० | ४२६५ | २०३७ | १३०५ | ७११ | ५६६ | २४२ | ३७ | ६ | ४४७ | १५ | १०,२५१ |
| महिला | ६०४ | ३७९५ | १६९८ | ८३५ | ४९४ | ३२१ | १०३ | ३ | १ | ६०९ | १५ | ८,४७८ |
| जम्मा | १,२२४ | ८,०६० | ३,७३५ | २,१४० | १,२०५ | ८८७ | ३४५ | ४० | ७ | १,०५६ | ३० | १८,७२९ |
| प्रतिशत | ६.५४ | ४३.०३ | १९.९४ | ११.४३ | ६.४३ | ४.७४ | १.८४ | ०.२१ | ०.०४ | ५.६४ | ०.१६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस तालिकामा भेरी नगरपालिकामा विभिन्न शैक्षिक तह उत्तीर्ण गरेका जनशक्ति देखाइएको छ। जसमा १,२२४ (६.५४ प्रतिशत) जना स्कुल नगएका, ८,०६० (४३.०३ प्रतिशत) प्राथमिक तह, ३,७३५ (१९.१४ प्रतिशत) नि.मा.वि. तह, २,१४०(११.४३ प्रतिशत) मा.वि. तह, १२०५ (६.४३ प्रतिशत) एस.एल.सी. तह, ८८७ (४.७४प्रतिशत) प्रमाणपत्र तह, ३४५ (१.८४ प्रतिशत) स्नातक तह, ४० (०.२१ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। नगरमा अनौपचारीक शिक्षामा पनि करिब १,०५६(५.६४ प्रतिशत) जनाको सहभागीता जनाइएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण


तालिका नं ४६: विषयगत शैक्षिक जनशक्तिको विवरण

| वडा नं. | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वास्थ्य | इन्जिनीयरिङ र निर्माण | कानून | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषि, वन र मत्स्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २६ | ३ | ७३ | ० | ० | ० | १ | ० | १ | ० | ८ | ११२ |
| २ | ३८ | ० | ७० | १३ | ४ | ० | ० | ४ | ५ | ० | ७५ | २०९ |
| ३ | ८९ | २३ | २६ | १० | ५६ | १ | ४ | ४१ | ९ | १ | १६ | २७६ |
| ४ | ९२ | ९ | १२५ | ६ | १९ | ८ | ० | १९ | १३ | ५ | ४ | ३०० |
| ५ | २६ | २ | २५ | ० | २ | ० | ० | ४ | १ | ० | १ | ६१ |
| ६ | ३ | ० | ३३ | ० | ० | ० | ० | ० | १ | ० | ० | ३७ |
| ७ | २८ | ० | ४ | १ | २ | ० | ० | ४ | १ | ० | ३२ | ७२ |
| ८ | १ | ० | २३ | ० | २ | ० | ० | ० | २ | ० | ० | २८ |
| ९ | ५ | १ | २५ | ० | ० | ० | ० | ० | ० | १ | ३ | ३५ |
| १० | ० | ० | २८ | ० | ० | ० | ० | ० | ० | ० | १ | २९ |
| ११ | ९ | १ | १२ | २ | ० | ० | ० | ४ | ३ | ० | २० | ५१ |
| १२ | ३ | ० | ५ | ० | ० | ० | ० | ० | १ | ० | ० | ९ |
| १३ | ३ | ३ | ३२ | १ | ४ | १ | ० | १ | १ | १ | ६ | ५३ |
| जम्मा | ३२३ | ४२ | ४८१ | ३३ | ८९ | १० | ५ | ७७ | ३८ | ८ | १६६ | १२७२ |
| प्रतिशत | २५.३९ | ३.३० | ३७.८१ | २.५९ | ७.०० | ०.७९ | ०.३९ | ६.०५ | २.९९ | ०.६३ | १३.०५ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा नगरपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस नगरपालिकामा सबैभन्दा बढी शिक्षा विषय लिएर पढ्नेको संख्या ४८१(३७.८१ प्रतिशत) रहेको छ भने दोस्रोमा मानविकी र कला विषय लिएर पढ्नेको जनसंख्या ३२३(२५.३९ प्रतिशत), तेस्रो स्थानमा स्वास्थ्यविषय लिएर पढेनेको सङ्ख्या ८९ (७.०० प्रतिशत)रहेको देखिन्छ भने सामाजिक र व्यवहारिक विज्ञान विषय लिएर पढ्नेको सङ्ख्या ७७ (६.०५ प्रतिशत)

। त्यसैगरिव्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या ४२ (३.३० प्रतिशत)छ भने गणित र तथ्याङ्कविषय लिएर पढ्नेको संख्या ३८ (२.९९प्रतिशत) रहेको देखिन्छ जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं ४७: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. .नर्सरी,(किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | २,६८१ | २,७०५ | ५,३८६ | २,६१६ | २,६५६ | ५,२७२ | ९७.८८ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | ४३ | ३८ | ८१ | ४२ | ३७ | ७९ | ९७.५३ |
| उच्च मा.वि. जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | ११ | ८ | १९ | ११ | ८ | १९ | |
| जम्मा | | २,७३५ | २,७५१ | ५,४८६ | २,६६९ | २,७०१ | ५,३७० | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस तालिकामा स्कुल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समूहको जनसंख्या मध्ये ९७.८८ प्रतिशत स्कुल गएको देखिन्छ भने २.१२ प्रतिशत स्कुल गएको देखिदैन त्यस्तै १३ देखि १४ वर्ष उमेर समूहको जनसंख्याको ९७.५३ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने २.४७ प्रतिशत स्कुल गएको देखिदैन। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ७.२.४ शिक्षण संस्थाहरूको विवरण

**क) शैक्षिक पूर्वाधार तथा सेवा**

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। नगरपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।

भेरी नगरपालिकामा प्रा.वि, नि.मा.वि, मा.वि र उच्च मा.वि. गरेर हाल जम्मा ५४ वटा शिक्षण संस्थाहरु सञ्चालन भइरहेका छन् । नगरपालिकामा उच्च मावि एउटा पनि छैन त्यसैले यसको स्थापनाको लागि उच्च पहल भइरहेको छ । नगरपालिकामा भएका शिक्षण संस्थाहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

शिक्षा क्षेत्रको परिशूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस नगरपालिकामा आ.व. २०७२/७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। नगरपालिकामा पठनपाठनका लागि प्रा.वि सङ्ख्या ३९, नि.मा.वि. १५, मा.वि ७, उ.मा.वि ३ गरी जम्मा ५४ वटा शिक्षण संस्थाहरु रहेका छन् । यसमा निजी क्षेत्रले पनि केहि योगदान पुर्‍याउँदै आएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ४८: नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| तह | कक्षा | संख्या |
|---|---|---|
| पारम्भिक बालविकास केन्द्र | | ४२ |
| आधारभुत | १-५ | ३४ |
| | ६-८ | १२ |
| माध्यामिक | ८-१० | ७ |
| | ११-१२ | ३ |
| परम्परागत धार्मिक विद्यालय | | १ |
| | जम्मा | ९९ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, जाजरकोट, २०७४*

तालिका नं ४९: शिक्षक संख्या

| तह | कक्षा | स्थायी | अस्थायी | राहत |
|---|---|---|---|---|
| आधारभुत | १-५ | १०३ | १८ | २३ |
| | ६-८ | १९ | २ | २३ |
| माध्यामिक | ८-१० | ९ | ४ | १३ |
| | ११-१२ | | ४ | ८ |
| जम्मा | | १३१ | २८ | ६७ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, जाजरकोट, २०७४*

तालिका नं ५०: भेरी नगरपालिकामा शिक्षण पेशामा शिक्षकको विवरण

| गाउँपालिका/नगरपालिका | शिक्षक | | जम्मा |
|---|---|---|---|
| | दरवन्दी | राहत | |
| भेरी नगरपालिका | १६२ | ७२ | २३४ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय*

भेरी नगरपालिकामा शिक्षण पेशामा संलग्न दरबन्दी र राहत गरेर कुल २३४ जना शिक्षक संलग्न छन् जुन तालिकामा उल्लेख गरिएको छ ।

### ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरु

- ✓ विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु : विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- ✓ दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :नगरपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु : नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

- ✓ अभिभावकहरु चनाखो नहुनु : बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- ✓ शिक्षक दरबन्दी कम हुनु : दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ राजनीतिकरण हुनु :विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- ✓ शिक्षकहरुमा प्रतिबद्धताको कमी : शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- ✓ आधुनिक प्रविधिको प्रयोग नहुनु : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनुले पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ७.३ स्वास्थ्य

राजनितिक रुपमा १३ वडाहरुमा विभाजित यस नगरपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन्। जाजरकोट जिल्लामा रहेको यस नगरपालिकामा जिल्ला अस्पताल १ वटा, ५ वटा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। नगरमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र १, आँखा उपचार केन्द्र १ छ भने खोप केन्द्रहरु, गाउँघर क्लीनिक, प्रसूती केन्द्र पनि सञ्चालनमा आएका छन् तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ । खासगरी समुदायमा प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा नगरपालिकाभरि १२० जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन्। यी स्वयंसेविकाहरुको सेवा उदाहरणीय रहेको देखिन्छ ।

तालिका नं ५१: नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको स्थिति

| क्र.सं. | स्वास्थ्य संस्था | संख्या | ठेगाना |
|---|---|---|---|
| १ | जिल्ला अस्पताल | १ | खलङ्गा |
| ३ | स्वास्थ्य चौकी | ५ | खलंगा, जगतीपुर, पुन्मा, भुर, जगतीपुर |
| ४ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १ | खलङ्गा |
| ५ | आँखा उपचार केन्द्र | १ | खलङ्गा |
| ६ | खोप केन्द्र | | खलङ्गा, भुर, पुन्मा, जगतीपुर |
| ७ | गाउँघर क्लिनिक | | खलङ्गा, भुर, पुन्मा, जगतीपुर |
| ८ | प्रसुती केन्द्र | | खलङ्गा |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय २०७१, जाजरकोट*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस नगरपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

नगरपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन । अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

नगरपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौंकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू

सन् १९९० देखि पहाडी जिल्लामा जम्मा ३०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान अनुसार नगरपालिकामा १२० जना कार्यरत रहेका छन् । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.३.२ गाउँघर क्लिनिक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन भएको पाइएको छ । यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपि तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी (Health Post) को तहमा मात्र उपलब्ध गराइन्छ। नगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुँदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिनासम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी. संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आइ.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार जाजरकोट जिल्ला पनि एच.आई.भी. /एड्सको जोखिममा रहेको छ ।

### ७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा

आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.३.५ खोपको विवरण

बालबालिका भनेका देशका भविष्यका निर्माता हुन् । तसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

### ७.३.६ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबिनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.७ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सुन २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.८ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। भेरी नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामाहारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ ।

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ। हाल स्थायी स्वायत्त शासन ऐन २०५५ लागु भए पछि जिल्ला विकास समिति तथा गाविस र नपाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगरपालिका गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस  भेरी नगरपालिकामा, ७० वर्ष उमेर नाघेका १.४७ प्रतिशत (४९१ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस नगरपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको २.३५ प्रतिशत (७८७ जना) , ६५-६९ वर्षका १.५२ प्रतिशत ( ५०८ जना) र र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। र यस स्थितिलाई कसरी सहज बनाउने र नगरपालिकामा जिवित यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगरपालिका विकासमा महिलाहरुको समान सहभागिता गराउन थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ।

### ७.६.२ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका

बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

भेरी नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ। नगरपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चिता गरी पूर्ण खोपयुक्त नगरपालिकाको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ।

### ७.६.३ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नको लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा नगरपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६)

निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।


## ७.७ अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार भेरी नगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या ३.६१ प्रतिशत (१,२११ जना) रहेको छ। जसमा शारिरीक अपाङ्गता भएका ४८१ (३९.७२ प्रतिशत), दृष्टि सम्बन्धी अपाङ्गता भएका २५९ (२१.३९ प्रतिशत), श्रवण सम्बन्धी अपाङ्गता भएका २१५ जना (१७.७५ प्रतिशत) भनेदृष्टि,श्रवणअपाङ्गता भएका १५ जना (१.२४ प्रतिशत), बोलाई सम्बन्धी समस्या भएका १०२ जना ( ८.४२ प्रतिशत) देखिन्छन् र बौद्धिक अपाङ्गता भएका १६ जना (१.३२ प्रतिशत) रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता ५४ जना (४.४६ प्रतिशत) र बहु अपाङ्गता ६९(५.७० प्रतिशत) रहेका छन् । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुर्‍याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

तालिका नं ५२: भेरी नगरपालिकामा अपाङ्गताको विवरण

| | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २५७ | १२१ | ११९ | ९ | ४६ | २१ | ९ | ३३ | ६१५ |
| महिला | २२४ | १३८ | ९६ | ६ | ५६ | ३३ | ७ | ३६ | ५९६ |
| जम्मा | ४८१ | २५९ | २१५ | १५ | १०२ | ५४ | १६ | ६९ | १,२११ |
| प्रतिशत | ३९.७२ | २१.३९ | १७.७५ | १.२४ | ८.४२ | ४.४६ | १.३२ | ५.७० | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




## ७.८ खानेपानी तथा सरसफाई


### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं ५३: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ४१३९ | ४ | २ | ६७९ | १२९७ | ४४२ | ९ | १८ | ६,५९० |
| ६२.८१ | ०.०६ | ०.०३ | १०.३० | १९.६८ | ६.७१ | ०.१४ | ०.२७ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

भेरी नगरपालिकाको सबैभन्दा बढी धारा/पाइप प्रयोग गरेको पाइएको छ। नगरपालिकामा धारा/पाइप प्रयोगगर्ने घरधुरी संख्या ४,१३९ (६२.८१ प्रतिशत), मूल धाराको प्रयोग गर्ने घरधुरी संख्या १२९७ (१९.६८ प्रतिशत), तेस्रोमा खुला इनार तथा कुवाको प्रयोग गर्ने घरधुरी ६७९ (१०.३०० प्रतिशत) रहेको छ । नगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.८.२ खानेपानीको विवरण

तालिका नं ५४: खानेपानीको विवरण

| वडा | धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४५८ | ० | ० | १८२ | ० | २ | ० | ३ | ६४५ |
| २ | ५६७ | ० | ० | २४ | २७३ | ३० | ० | २ | ८९६ |
| ३ | ३४१ | ० | ० | १ | ७३ | १ | ४ | २ | ४२२ |
| ४ | ५५० | १ | ० | १ | ६ | १ | ० | १ | ५६० |
| ५ | २५२ | ० | ० | ० | १५४ | ९ | ० | ० | ४१५ |
| ६ | २७६ | ० | १ | ४५ | १३७ | ४२ | ० | ५ | ५०६ |
| ७ | ४४० | २ | ० | ६ | १०९ | १५ | ० | २ | ५७४ |
| ८ | ३२५ | ० | ० | ० | ५२ | २ | ० | ० | ३७९ |
| ९ | २०८ | ० | १ | १५ | १०९ | ३ | ० | १ | ३३७ |
| १० | २४० | ० | ० | १२ | ५९ | १०४ | ० | ० | ४१५ |
| ११ | १९५ | १ | ० | १३५ | २१५ | ५० | ० | ० | ५९६ |
| १२ | ४४ | ० | ० | २५८ | ८२ | ७४ | १ | २ | ४६१ |
| १३ | २४३ | ० | ० | ० | २८ | १०९ | ४ | ० | ३८४ |
| जम्मा | ४,१३९ | ४ | २ | ६७९ | १,२९७ | ४४२ | ९ | १८ | ६,५९० |
| प्रतिशत | ६२.८१ | ०.०६ | ०.०३ | १०.३० | १९.६८ | ६.७१ | ०.१४ | ०.२७ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको सबै वडाहरुमा सबैभन्दा बढी धारा तथा पाइपको प्रयोग गरेको देखिन्छ। दोस्रो ठूलो स्रोतको रुपमा मूल धारा प्रयोग गरेको देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ .


### ७.८.३ शौचालयको विवरण

तालिका नं ५५: शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टि ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | ४० | ५९४ | २०५३ | ३८८४ | १९ | ६,५९० |
| प्रतिशत | ०.६१ | ९.०१ | ३१.१५ | ५८.९४ | ०.२९ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा भेरी नगरपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। सबैभन्दा धेरै साधारण शौचालय प्रयोग गर्नेको परिवार २,०५३ (३१.१५प्रतिशत) रहेको छ। दोस्रोमा फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालयको प्रयोग गर्नेको संख्या ५९४ (९.०१ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ४० (०.६१ प्रतिशत) देखिएको छ । यसैगरी धेरैजसो घरमा शौचालय नभएको पनि पाइएको छ जुन जम्मा घरपरिवार संख्याको ५८.९४ प्रतिशत अर्थात ३८८४ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### ७.८.४ वडागत शौचालयको संख्याको विवरण

तालिका नं ५६: वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टि ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | २६ | ३२७ | २८८ | ३ | ६४५ |
| २ | १ | १२ | ४३६ | ४४५ | २ | ८९६ |
| ३ | ९ | १७९ | १५५ | ७७ | २ | ४२२ |
| ४ | १४ | १९० | २२७ | १२८ | १ | ५६० |
| ५ | ० | ० | १६७ | २४७ | १ | ४१५ |
| ६ | २ | ० | १३२ | ३६७ | ५ | ५०६ |
| ७ | ५ | ४९ | १२६ | ३९२ | २ | ५७४ |
| ८ | १ | ८ | ८२ | २८८ | ० | ३७९ |
| ९ | ० | ९० | ५९ | १८७ | १ | ३३७ |
| १० | ० | २१ | ५२ | ३४२ | ० | ४१५ |
| ११ | २ | ० | १३८ | ४५६ | ० | ५९६ |
| १२ | ४ | ३ | ३६ | ४१६ | २ | ४६१ |
| १३ | १ | १६ | ११६ | २५१ | ० | ३८४ |
| जम्मा | ४० | ५९४ | २,०५३ | ३,८८४ | १९ | ६,५९० |
| प्रतिशत | ०.६०७ | ९.०१३७ | ३१.१५ | ५८.९४ | ०.२८८ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा वडा नं.२मा सबैभन्दा बढी साधारण शौचालयको प्रयोग गरेको पाईयो भने त्यसपछि क्रमश: वडाहरु १,४,५,३,६,७,११,१३ मा पनि साधारण चर्पीको प्रयोग धेरै भएको देखिएको छ । वडा नं. ३ र ४ मा फ्लस भएको आधुनिक (सेप्टि ट्याङ्की) धेरै प्रयोगमा आएको देखिन्छ भने बाँकी सबै वडाहरुमा शौचालय प्रयोग नगर्नेको परिवार संख्या बढी रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ७.९ फोहोर मैला व्यवस्थापन

क्रमिक विकास भैरहेका शहरोन्मुख ग्रामिण वस्तीहरुमा बाक्लो बस्ती र मानविय कृयाकलाप समेत कम हुने भएकोले ठूला शहरमा जस्तो फोहोर व्यवस्थापनको जटिल समस्या रहेको हुँदैन । तथापी मानव बस्ती रहेको इलाकाहरुमा नगर सरसफाइलाई त्यति प्राथमिकता दिएको पाइँदैन । यसले गर्दा यदाकदा दुषित पानी र सरसफाईको कमीले हुने संक्रामक रोग (आउँ र झाडापखाला) लाग्ने गर्दछ । तसर्थ त्यसको निदानको लागि नगरस्तरमा व्यक्तिगत र सामुदायिक सरसफाईमा जागरण फैलाउनुपर्ने देखिन्छ । यस्ता नगरहरुमा सरसफाई तथा फोहोर व्यवस्थापनको वृहत दुरगामी योजना बनाई ढल, फोहोर प्रसोधन केन्द्रहरु र ल्याण्डफिल्ड साइटको व्यवस्था गर्न सके शहर विस्तारित हुँदै जाँदा फोहोर मैला व्यवस्थापन सहज हुन जान्छ । यो तथ्य भेरी नगरपालिकामा समेत लागू हुन्छ ।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

जाजरकोट जिल्ला अन्तर्गत पर्ने यस भेरी नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। जाजरकोट जिल्लाको यस भेरी नगरपालिकामा कुल क्षेत्रफल २१९.७७ वर्ग कि.मि. मध्ये ६२.६३ प्रतिशत वन तथा झाडी क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ।

यस नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, छतिवन, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कच्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

भेरी नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्तत: लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको

महत्वलाई दृष्टिगत गरी हाल यस नगरपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस नगरपालिकामा साल, सिसौं, सिमल, सल्ला अमला, हर्रो, बर्रो, खयर, विजयसाल, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्भो, लहरेगुर्जा,चुत्रो, मजिठो, खोटो, पाखनवेद, टिमुर, दालचिनी, पावन, चिउरी, चिराईतो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस नगरपालिका क्षेत्रमा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । नगरपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

## ८.३ लघु वन पैदावार

यस नगरपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोझ्रो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझ्रो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ नगरपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

भेरी नगरपालिकारहेको  जाजरकोट जिल्लामा करिब ३४ प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन् । यस नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई,खरायो, आदि छन।

### (ख) चराचुरुङ्गी

भेरी नगरपालिका रहेको  जाजरकोट जिल्लामा करिब १४० प्रकारका चराहरु पाइन्छन् । यस नगरपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा,  पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कच्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस नगरपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा भित्ती, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) कीरा फट्याङ्ग्राहरू

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गहरु आदि ।

## ८.५ वनजंगल

जाजरकोट जिल्ला समुद्र सतह बाट ६१० मि. देखि ५४१२ मि. सम्मको उचाइमा रहेकोछ । जाजरकोट जिल्ला अवस्ति यो भेरि नगरपालिकामा समुद्र सतहबाट १२२५ मिटरमा रहेको छ । प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वनक्षेत्रभित्र थुप्रै ताल/तलैया, सिमसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरु समेत रहेका छन् । नगरपालिका बाहिरका अन्य नगरपालिका तथा जिल्लाहरुमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस नगरपालिकामा प्रशस्तै मात्रामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने खोलानालाको अभिन्न सम्बन्ध रहेको छ ।

वन क्षेत्र तराईको समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस नगरपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस नगरपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र झाडी बुट्यान रहेका छन् ।

यस नगरपालिकामा जिल्ला वन कार्यालय तथा  भेरी र फुलबारीमा गरी २ ईलाका वन कार्यालयहरु कार्यरत छन् ।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस नगरपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरु नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू भएको हुँदा उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । नगरपालिकामा आ.व. २०७२/७३ सम्ममा ५६ सामुदायिक वनहरुलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ । विगतको

समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदिका कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ। नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई नगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म नगरपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिकाले अग्रणी भूमिका खेलेको छ। नगरपालिकामा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन।

तालिका नं ५७: सामुदायिक वन व्यवस्थापनको विवरण

| जम्मा सा.व.को संख्या | हस्तान्तरित क्षेत्रफल (हे.) | घरधुरी संख्या | लाभान्वित जनसंख्या |
|---|---|---|---|
| ५६ | ६४०४.४७ | ५४६९.१३ | २७,३४० |

स्रोत: जिल्ला वन कार्यालय, जाजरकोट २०७३

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिकाले अग्रणी भूमिका खेलेको छ। भेरी नगरपालिकामा आ.व. २०७२/०७३ सम्ममा जम्मा ५६ वटा सामुदायिक वनहरु उपभोक्तालाई हस्तान्तरण गरिएको छ। हस्तान्तरित सामुदायिक वनले यस नगरपालिकामा ६४०४.४७ हे. क्षेत्रफल ओगटेको छ भने ५६४९.१३ घरधुरी अर्थात् २७,३४० जनसंख्या लाभान्वित भएका छन्।

### ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ।धार्मीक वनको रुपमा वन क्षेत्र दर्ता नगरिएको परम्परादेखि यस जाजरकोट जिल्लाका मालिका, मछाईना क्षेत्रका वन क्षेत्र धार्मिक ऐतिहासिक र पर्यटकिय महत्व बोकेका क्षेत्रहरु हुन्। विभिन्न देवि देवताका शक्ति पिठ यस क्षेत्रमा भएको हुँदा यी क्षेत्र वरिपरिका वनलाई धार्मिक वनका रुपमा संरक्षण गरि व्यवस्थापन गर्न अवश्य यस क्षेत्रको विकास हुनेछ।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

नगरपालिकाको कुल वन क्षेत्र मध्ये नगरपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ।

### ८.५.४ निजी वन

सिमित निजी जग्गामा केहि स्थानिय मानिसहरुले रुख विरुवा हुर्काएको भएता पनि निजी वनको रुपमा दर्ता भएको देखिदैन।

## ८.६ निजी आवादीमा रहेका रूख विरूवाहरूको अवस्था

हाल यस नगरपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन। वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ।

## ८.७ वनपैदावरको माग र आपूर्ति

अत्यधिक बसाई सराईले गर्दा जाजरकोट जिल्लाको जनसंख्याको वृद्धि नेपालको औसत वृद्धि भन्दा बढी छ । जाजरकोट जिल्लामा रहेको भेरी नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य नगरपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

नगरपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन नभएबाट स्थानीय जनताका काठ दाउरा सम्बन्धि माग पुरा हुन नसकी जनगुनासो आई रहेको सन्दर्भमा आ.व. ०६६/०६७ देखि नगरपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन गर्ने सोच लिईएको भएता पनि खासै काम हुन सकेको थिएन । तर आ.व. २०६८/०६९ देखी स्थानीय उपभोक्ताहरुको माग र आवश्यकतालाई ध्यानमा राखी जिल्ला वन पैदावार आपूर्ति समितिलाई पुन: संचालनमा ल्याई काठ दाउर बिक्री वितरण गर्ने कार्यको थालनी गरिएको छ । यसको लागि आपूर्ति समितिले सामुदायिक वन उपभोक्ता समूहसँग समेत काठ दाउरा खरिद गरि स्थानीय जनताहरुलाई बिक्री वितरण गर्ने व्यवस्था मिलाएको छ ।

यस नगरपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरुमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ ।

## ८.८ जडिबुटी सम्बन्धी विवरण

यस नगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा रिठ्ठा, टिमुर, पाषणवेद, काउलो, तेजपात, झ्याउ, जटामासि, कुट्की, उतीस जरा, चिराईतो, सतुवा, आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण

यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै जाजरकोटका ग्रामीण बस्तीहरुको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन् । यस्ता पैदावारहरुले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरुलाई अवसर प्रदान गर्छन् ।

यस योजना निर्माणको क्रममा विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा स्थलगत अध्ययनबाट प्राप्त जिल्लामा उपलब्ध गैरकाष्ठ वनपैदावारको सूची निम्नानुसार तालिकामा उल्लेखित छन् :

तालिका नं ५८: नगरपालिका क्षेत्रमा उपलब्ध गैरकाष्ठ वन पैदावारहरुको सूची

| स्थानीय नाम | उपलब्ध हुन ठाउँ | वन क्षेत्रको किसिम |
|---|---|---|
| कुरीलो | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |
| चुत्रो | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | झाडि वुट्यान |
| पाखनवेद | खलङ्गा, पुन्मा, भुर | अन्य कोणधारी चरण र मिश्रित |
| सिस्नु | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | झाडि वुट्यान |
| सुगन्धवाला | खलङ्गा, पुन्मा | मिश्रित |
| वनप्याज | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |
| चुत्रो | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | झाडि वुट्यान |
| तितेपाती | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | झाडि वुट्यान |
| तेजपात | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |
| मजिठो | खलङ्गा, जगतीपुर | मिश्रित |
| टिमुर | खलङ्गा, पुन्मा | मिश्रित |
| लालीगुँरास | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |
| बर्रो | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |
| रिठ्ठा | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |
| हर्रो | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |
| जिवन्ती | खलङ्गा, पुन्मा | मिश्रित |
| झ्याउ | खलङ्गा, पुन्मा | मिश्रित |
| मईन | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | झाडि वुट्यान |
| मह | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |
| अल्लो | खलङ्गा, पुन्मा, भुर | झाडि वुट्यान |
| सल्लाको सिम्टा | जगतीपुर,खलङ्गा, पुन्मा, भुर | खोटे सल्ला |
| सल्लाको खोटो | जगतीपुर,खलङ्गा, पुन्मा, भुर | खोटे सल्ला |
| बेल | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |
| सेतकचिनी जरा | खलङ्गा, पुन्मा, भुर | मिश्रित |
| भृङ्गराज | खलङ्गा, जगतीपुर,पुन्मा, भुर | मिश्रित |

*श्रोत:जिल्ला विकास समिति, जाजरकोट*

भेरीको वन पैदावारमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू, ईटा टायल उद्योग आदि रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। नगरपालिकामा हालसम्म सञ्चालन रहेको वन पैदावरमा आधारित उद्योगहरूमा विभिन्न ईटा, टायल उद्योगहरू नियमितरुपले सञ्चालित अवस्थामा रहेको देखिन्छ।

## ८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता आवश्यक देखिन्छ। नगरपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुर्नत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने।
- ✓ पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने।
- ✓ जैविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने।

## ८.११ अतिक्रमण हटाउने प्रयास

आर्थिक वर्ष २०७२/०७३ मा जिल्ला वन कार्यालय जाजरकोट अन्तर्गत भेरि नगरपालिकामा विभिन्न क्षेत्रमा अतिक्रमण धेरै पहिले देखि नै भइरहेको छ र त्यसलाई हटाउने प्रयास पनि भइरहेकोछ । अतिक्रमणको किसिम हेर्दा धेरैजसो घर बनाएर बसेको र केहिमा अन्नवाली उब्जनी गरेर बसको छ । यसरी अतिक्रमण गरेर बसेको घरधुरी जम्मा १७५ वटा छन् र यसलाई हटाउने विभिन्न प्रयास पनि भइरहेको छ जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ५९: अतिक्रमणको विस्तृत विवरण

| अतिक्रमणको किसिक | संलग्न घरधुरी | कहिले | स्थानको नाम | नियन्त्रण गर्न गरिएको प्रयास |
|---|---|---|---|---|
| घर बनाएको | १४ | २०६३/०६४ देखि हाल सम्म | जगतीपुर औसजे सा.व.उ.स. | सा.वनको सहयोगमा हटाउने हटाउने प्रयास |
| खनजोत गरेको | १ | २०६८ देखि हाल सम्म | जगतीपुर औसजे सा.व.उ.स. | सा.वनको सहयोगमा हटाउने हटाउने प्रयास |
| घर बनाएको | ७ | २०५७ देखि हाल सम्म | खलङ्गा २ थाप्ले खिरखिरे सा.व.उ.स. | सा.वनको सहयोगमा हटाउने हटाउने प्रयास |
| घर बनाएको | १७ | २०५९ देखि हाल सम्म | खलङ्गा १ भगभती सा.व.उ.स. | सा.वनको सहयोगमा हटाउने हटाउने प्रयास |
| घर बनाएको | ३४ | २०५० देखि हाल सम्म | खलङ्गा २ जनकल्याण सा.वा.उ.स. | सा.वनको सहयोगमा हटाउने हटाउने प्रयास |
| घर बनाएको | ८ | २०५३ देखि हालसम्म | खलङ्गा ३ जानकी सा.व.उ.स. | सा.वनको सहयोगमा हटाउने हटाउने प्रयास |
| घर बनाएको | ९४ | २०५४ देखि हालसम्म | खलङ्गा २ थाप्ले स्यालपाखा कालेगाउँ सा.व.उ.स. | सा.वनको सहयोगमा हटाउने हटाउने प्रयास |
| जम्मा | १७५ | | | |

*श्रोत:जिल्ला वन कार्यालय,जाजरकोट २०७३*

# खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सूचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार जाजरकोट जिल्लाको मानव विकास सूचकाङ्क ०.३९३ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् जाजरकोट जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने जाजरकोट जिल्लाको हरेक व्यक्ति बाँच्ने सापेक्षित औषत आयु (Life expectancy) ६६.४५ वर्ष र यसको सूचक ०.६९१, प्रौढ साक्षरता दर (Adult literacy) ४६.९२ प्रतिशत र यसको सूचक ०.४६९, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) २.७० वर्ष र यसको सूचक ०.१८० र प्रतिव्यक्ति आय (Per Capita Income)६११ अमेरिकी डलर र यसको सूचक ०.३०२ रहेको देखिन्छ।

**तालिका नं ६०:** मानव विकास सूचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६ | ११६० | ०.४०९ | ०.४९० |
| जाजरकोट | ६६.४५ | ०.६९१ | ४६.९२ | ०.४६९ | २.७० | ०.१८ | ६११ | ०.३०२ | ०.३९३ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा जाजरकोट जिल्ला मानव विकास सूचकाङ्कको स्थिति सबैभन्दा राम्रो अवस्थामा रहेको देखिन्छ। जाजरकोट जिल्लाको मानव गरीबी सूचकाङ्क मान ३२.१९ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ

किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा जाजरकोट जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ५३.०८ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ११.५० प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water)४३.९१ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ५४.१० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार  जाजरकोट जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ६० औं स्थानमा रहेको छ र गरीबीको दर १०.४ प्रतिशत रहेको छ । जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या ६४,१७५ रहेको देखिन्छ । गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ६१: गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ६० | ३७.७३(१०.४) | ९.०३(३.४६) | ३.११(१.४४) | ६४,१७५ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ३३,५१५ जनताको बसोबास भएको नगरपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत नगरपालिकाको

निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा नगरपालिकाबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा नगरपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा तथा पाइप प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ६२.८१ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा मूल धारा प्रयोग गर्नेको संख्या १९.६८ प्रतिशत देखिन्छ। त्यस्तै, खुला इनार तथा कुवा प्रयोग गर्ने १०.३०प्रतिशत, नदी तथा खोला प्रयोग गर्ने ६.७२ प्रतिशत देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो नगरपालिका जाजरकोट जिल्लाका अन्य नगरपालिकाहरुको तुलनामा केही पछाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ६१.६३ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरपालिकाको पुरुषको साक्षरता दर ६९.४९ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५४.१४ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १५.३५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै नगरपालिकाबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्का तिर मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

यस नगरपालिकापालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ। जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ।

## भेरी नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको विवरण

| क्र.स | नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | ९८५११३५५९५ |
| २ | भावना भण्डारी | नगर उपप्रमुख | |
| **वडा नं. १ का निर्वाचित प्रतिनिधहरू** | | | |
| ३ | दिपक राना | वडा अध्यक्ष | ९८२२५७५०८९ |
| ४ | विमला बस्नेत | वडा सदस्य | ९८००५४८८६७ |
| ५ | विमला वि.क | ” | ९८१२४८७८१५ |
| ६ | कृष्णराज विश्वकर्मा | ” | ९८४४८५३४२९ |
| ७ | चन्द्र बहादुर पुन | ” | ९८१२५४४८३३ |
| **वडा नं. २ का निर्वाचित प्रतिनिधहरू** | | | |
| ८ | कालि बहादुर वली | वडा अध्यक्ष | ९८४८२९९११९ |
| ९ | तारालाल रोकाय | वडा सदस्य | ९८१२५००९०९ |
| १० | मिना पुन | ” | ९७४८०१०७७१ |
| ११ | | ” | |
| १२ | | ” | |
| **वडा नं. ३ का निर्वाचित प्रतिनिधहरू** | | | |
| १३ | लिला बहादुर शाह | वडा अध्यक्ष | ९८४४८८४२४५ |
| १४ | तेज विक्रम शाह | वडा सदस्य | ९८६८११७७७७ |
| १५ | रति वि.क | ” | ९८६८१४७३८१ |
| १६ | सृजना वि.क | ” | ९८६८१०४२९० |
| १७ | विन्दु शाही | ” | |
| **वडा नं. ४ का निर्वाचित प्रतिनिधहरू** | | | |
| १८ | खम्ब जंग शाह | वडा अध्यक्ष | |
| १९ | | वडा सदस्य | |
| २० | | ” | |
| २१ | | ” | |
| २२ | | ” | |
| **वडा नं. ५ का निर्वाचित प्रतिनिधहरू** | | | |
| २३ | श्यामलाल जैसी | वडा अध्यक्ष | ९८६८००२८४९ |
| २४ | रमृश जैसी | वडा सदस्य | ९८६८१८६०४९ |
| २५ | मोतिलाल बस्नेत | ” | ९८०४५३९५७७ |
| २६ | सिता बस्नेत | ” | ९८४८२८८८७१ |

| | | | |
|---|---|---|---|
| २७ | हिरा वि.क | ” | ९८६८३८८८०७ |
| **वडा नं. ६ का निर्वाचित प्रतिनिधहरू** | | | |
| २८ | शशिराम बुढा | वडा अध्यक्ष | ९८६८६५६५४० |
| २९ | रामकुमारी सिंह | वडा सदस्य | ९७४८०८४५२५ |
| ३० | मोति लोहार | ” | ९८६८१८६४५५ |
| ३१ | हरि बहादुर खड्का | ” | ९७४८६०९२५६ |
| ३२ | हरिश कुमार शाही | ” | ९७४८०४९९१३ |
| **वडा नं. ७ का निर्वाचित प्रतिनिधहरू** | | | |
| ३३ | चन्द्र बहादुर शाही | वडा अध्यक्ष | ९८६८०८६०६२ |
| ३४ | पुने कामी | वडा सदस्य | ९८१४५४००८२ |
| ३५ | बल बहादुर लुहार | ” | ९७४६०७८३४९ |
| ३६ | भद्रकुमारी अधिकारी | ” | ९७४८६०९४९९ |
| ३७ | पवित्रा नेपाली | ” | ९७४८०९४५१५ |
| **वडा नं. ८ का निर्वाचित प्रतिनिधहरू** | | | |
| ३८ | कर्ण बहादुर कार्की | वडा अध्यक्ष | ९७४८०१३८०१ |
| ३९ | गोरे कार्की | वडा सदस्य | ९७४८०४६०३५ |
| ४० | तुल बहादुर कठायत | ” | ९८६८११७९९७ |
| ४१ | विना चन्द | ” | ९८६८२००८११ |
| ४२ | नैनसरा कामी | ” | ९८६६५१९७०९ |
| **वडा नं. ९ का निर्वाचित प्रतिनिधहरू** | | | |
| ४३ | ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | ९७४८०२८३६१ |
| ४४ | प्रताप वली | वडा सदस्य | ९८४०१९०८०३ |
| ४५ | ललित वि.के | ” | ९६८०८८२३९ |
| ४६ | तुलसी शाही | ” | ९७४६००३०६९ |
| ४७ | पार्वती वि.क | ” | ९८१६५३३००८ |
| **वडा नं. १० का निर्वाचित प्रतिनिधहरू** | | | |
| ४८ | ठकेन्द्र बहादुर राना | वडा अध्यक्ष | ९७४८०११०१३ |
| ४९ | गगने राना | वडा सदस्य | ९८२४५३२३३८ |
| ५० | ज्ञान बहादुर कामी | ” | |
| ५१ | मैमी लुहार | ” | ९८१२५३०८४६ |
| ५२ | भद्रकला डाँगी | ” | ९७४८५९१२०२ |
| **वडा नं. ११ का निर्वाचित प्रतिनिधहरू** | | | |
| ५३ | लक्ष्मी पसाद जैसी | वडा अध्यक्ष | |

| | | | |
|---|---|---|---|
| ५४ | ज्ञानी प्रसाद शर्मा | वडा सदस्य | |
| ५५ | | ” | |
| ५६ | | ” | |
| ५७ | | ” | |
| **वडा नं. १२ का निर्वाचित प्रतिनिधहरू** | | | |
| ५८ | निम बहादुर भनारी | वडा अध्यक्ष | ९८१४५२१९६३ |
| ५९ | | वडा सदस्य | |
| ६० | | ” | |
| ६१ | | ” | |
| ६२ | | ” | |
| **वडा नं. १३ का निर्वाचित प्रतिनिधहरू** | | | |
| ६३ | गोपाल बटाला | वडा अध्यक्ष | |
| ६४ | सुर्य बहादुर रोकाय | वडा सदस्य | |
| ६५ | यज्ञ बटाला | ” | |
| ६६ | | ” | |
| ६७ | | ” | |

# भेरी नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको विवरण

| क्र.स | नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | ९८५११३५५९५ |
| २ | भावना भण्डारी | नगर उपप्रमुख | |
| ३ | दिपक राना | वडा अध्यक्ष (वडा नं. १) | ९८२२५७५०८९ |
| ४ | कालि बहादुर वली | वडा अध्यक्ष (वडा नं. २) | ९८४८२९९११९ |
| ५ | लिला बहादुर शाह | वडा अध्यक्ष (वडा नं. ३) | ९८४४८८४२४५ |
| ६ | खम्ब जंग शाह | वडा अध्यक्ष (वडा नं. ४) | ९८४८१३६०७७ |
| ७ | श्यामलाल जैसी | वडा अध्यक्ष (वडा नं. ५) | ९८६८००२८४९ |
| ८ | शशिराम बुढा | वडा अध्यक्ष (वडा नं. ६) | ९८६८६५६५४० |
| ९ | चन्द्र बहादुर शाही | वडा अध्यक्ष (वडा नं. ७) | ९८६८०८६०६२ |
| १० | कर्ण बहादुर कार्की | वडा अध्यक्ष (वडा नं. ८) | ९७४८०१३८०१ |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष (वडा नं. ९) | ९७४८०२८३६१ |
| १२ | ठकेन्द्र बहादुर राना | वडा अध्यक्ष (वडा नं. १०) | ९७४८०११०१३ |
| १३ | लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष (वडा नं. ११) | ९८६८००३०४९ |
| १४ | निम बहादुर भनारी | वडा अध्यक्ष (वडा नं. १२) | ९८१४५२१९६३ |
| १५ | गोपाल बटाला | वडा अध्यक्ष (वडा नं. १३) | |

# भेरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.स | कर्मचारीको नामथर | पद | शाखा | संम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | रामप्रसाद शर्मा | कार्यकारी अधिकृत | कार्यालय प्रमुख | ९८५८०६२१११ |
| २ | नवराज शर्मा | इन्जिनियर | प्राविधिक | ९८४८०८४११२ |
| ३ | डम्बर बहादुर विष्ट | लेखापाल | लेखा | ९८५८०६२००२ |
| ४ | कर्ण बहादुर थापा | ना. सु. | प्रशासन | ९८५८०५०१२६ |
| ५ | पवन खत्री | सव इन्जिनियर | प्राविधिक | ९८४४८३०१४२ |
| ६ | श्रीवत प्रसाद शाक्य | खरिदार | प्रशासन | |
| ७ | केदार बहादुर कार्की | खरिदार | प्रशासन | ९८४८२७६०९० |
| ८ | भरत कुमार शर्मा | खरिदार | राजश्व | ९८५८०७७५७७ |
| ९ | वीरेन्द्रसिल घर्ति | खरिदार | पञ्जीकरण | ९८६८१०५६२६ |
| १० | गोरख बहादुर शाही | खरिदार | पञ्जीकरण | ९८६८२७४७५१ |
| ११ | केशव राज पुन | अमिन | प्राविधिक | ९८६८३६९२१५ |
| १२ | देव बहादुर घर्ति | अ.स.इ | प्राविधिक | ९८४८२९९३६१ |
| १३ | धन बहादुर थापा | अ.स.इ | प्राविधिक | ९७४८०७०६५० |
| १४ | विष्णु रोकाय | अ.स.इ | दर्ता चलानी, प्राविधिक | ९७४८००२१२८ |
| १५ | सृजना चौधरी | सामाजिक परिचालक | प्रशासन | ९८५८०५५२७२ |
| १६ | रमेश जंग शाह | सामाजिक परिचालक | नागरिकता | ९८४८१२४५८५ |
| १७ | लाल बहादुर कार्की | सामाजिक परिचालक | नागरिकता | ९७४८०७०८६५ |
| १८ | सर्मिला घर्ति | सामाजिक परिचालक | नागरिकता | ९८४४८३०५४१ |
| १९ | गोपाल महतारा | का. स. | लेखा तथा राजश्व | ९७४५१५०२१० |
| २० | राम बहादुर नेपाली | का. स. | पञ्जीकरण | |
| २१ | रुद्र बहादुर शाही | का. स. | नगर प्रमुख, उपप्रमुख कार्यकक्ष | ९८४४४८०११५ |
| २२ | डिल बहादुर पुन | का. स. | प्राविधिक, वडा अध्यक्ष कार्यकक्ष | |
| २३ | विमला शाही | का. स. | का.अ, प्रशासन | |